# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## जिरी नगरपालिका, दोलखा

## आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९
च.नं.: २०९

मितिः २०७८।०५।०४

श्री नगर प्रमुखज्यू,
जिरी नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
दोलखा ।

**विषयः- लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)**


पत्र संख्याः२०७८।०७९
च.नः १९८

मितिः २०७८।५।०४

श्री नगर प्रमूखज्यू,
जिरी नगरपालिका,
दोलखा।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको रायः** हामीले जिरी नगरपालिकाको २०७६।०७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय—व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु. २ करोड ९२ लाख ३१ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १७ लाख ८४ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ६ लाख १९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १करोड ६८ लाख २८ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७८।१।१० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना (३९) यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायीअधिकारीको जिम्मेवारीः** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभुत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । कार्यकारिणी, पालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारीः** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(इन्द्र प्रसाद आचार्य)**
**नायव महालेखापरीक्षक**

# जिरी नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७६।०७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा, ४८ सभा सदस्य, २२१।२५ वर्ग किलोमिटर क्षेत्रफल तथा १५ हजार ५१५ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७६।०७७ को वित्तिय प्रतिवेदन म.ले.प.फा.न. २७२ निम्न वमोजिम रहेको छ ।

| प्राप्ती भुक्तानी हिसाब | | | | | |
|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्षको रु. | | | |
| | | बजेट | आफैले गरेको प्राप्ती/भुक्तानी | बस्तुगत /सोझै भुक्तानी | जम्मा |
| **प्राप्ति(क+ख)** | | ४९,२२,४३,००० | ४३,१३,१९,९७०. ४९ | ० | ४३,१३,१९,९७०. ४९ |
| **क.प्राप्ती(संचितकोषमा आम्दानी बाँधिने)** | | ४२,५२,५०,००० | ३६,९२,०९,८१०.६१ | | ३६,९२,०९,८१०.६१ |
| ११०० कर | | ८,२४,२०,००० | ५,४५,९०,९४५.१९ | ० | ५,४५,९०,९४५.१९ |
| १३०० अनुदान | | ३३,६१,५०,००० | ३१,३१,०२,००० | ० | ३१,३१,०२,००० |
| संघीय सरकार | | २९,५१,४१,००० | २८,३५,९३,००० | ० | २८,३५,९३,००० |
| प्रदेश सरकार | | ४,१०,०९,००० | २,९५,०९,००० | ० | २,९५,०९,००० |
| | | | | | |
| १४००० अन्य राजस्व | | ६६,८०,००० | १५,१६,८६५.४२ | ० | १५,१६,८६५.४२ |
| **ख. अन्य प्राप्ती** | | ६,६९,९३,००० | ६,२१,१०,१५९.८८ | | ६,२१,१०,१५९.८८ |
| वितरण गर्न बाँकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | ५५,००,००० | ० | ० | ० |
| धरौटी | | ० | २९,३०,३४८.६५ | ० | २९,३०,३४८.६५ |
| संधीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ६,१४,९३,००० | ५,९१,७९,८११.२३ | ० | ५,९१,७९,८११.२३ |
| **भुक्तानी (ग+घ)** | | ५८,६४,४३,००० | ४४,५९,००,६६९.९७ | ० | ४४,५९,००,६६९.९७ |
| **ग. भुक्तानी (संचित कोषबाट )** | | ५१,९४,५०,००० | ३८,३०,९३,८२७.५३ | | ३८,३०,९३,८२७.५३ |
| २१००० पारिश्रमिक/सुविधा | | १०,१०,०५,५२० | ९,२२,७०,२४८.१५ | ० | ९,२२,७०,२४८.१५ |
| २२००० मालसामान तथा सेवाको उपयोग | | १७,०२,०७,६०० | १०,९२,७२,९३२.०९ | ० | १०,९२,७२,९३२.०९ |
| २५००० सहायता | | १३,००,००० | २,५५,००० | ० | २,५५,००० |
| २६००० अनुदान | | | | | |
| २७००० सामाजिक सुरक्षा | | ६४,५२,००० | ४९,४६,१९४.४० | ० | ४९,४६,१९४.४० |

| | | | | | |
|---|---|---|---|---|---|
| २८००० अन्य खर्च | | ३१,५९,८८० | ३०,३६,२४२ | ० | ३०,३६,२४२ |
| ३१००० गैर वित्तिय सम्पती/पूँजिगत खर्च | | २३,७३,२५,००० | १७,३३,१३,२१०.८९ | ० | १७,३३,१३,२१०.८९ |
| घ. अन्य भुक्तानी | | ६,६९,९३,००० | ६,२८,०६,८४२४४. | | ६,२८,०६,८४२.४४ |
| कोषहरु | | ५५,००,००० | ० | ० | ० |
| धरौटी | | ० | ३६,४३,५९०.९५ | ० | ३६,४३,५९०.९५ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ६,१४,९३,००० | ५,९१,७९,८११.२३ | ० | ५,९१,७९,८११.२३ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी | | | (१६५५९.७४) | | (१६५५९.७४) |
| ङ. यो वर्षको बचत (न्युन) | | (९,४२,००,०००) | (१४५८०६९९.४८) | | (१४५८०६९९.४८) |
| च. गत वर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ११,६८,४५,९८३.१६ | | ११,६८,४५,९८३.१६ |
| वर्षान्तको बाकी रकम (ङ+च) | | ९,४२,००,०००) | १०,२२,६५,२८३.६८ | | १०,२२,६५,२८३.६८ |
| बैक तथा नगद बाँकी | | | ९,८२,०७,१७०.६१ | | ९,८२,०७,१७०.६१ |

नगरपालिकाले पेश गरेको वित्तीय प्रतिवेदनमा समावेश नभएको अन्य खर्च शिर्षक बैंक नगदी किताबको आधारमा देहायबमोजिम रहेको पाइयो ।

| सि.नं. | खर्च शिर्षक | आम्दानी | खर्च रकम | बाकी मौज्दात |
|---|---|---|---|---|
| १ | कार्यसंचालन कोष | २२१८२४१।४८ | १४७३०८० | ७४५१६१।४८ |
| २ | प्रकोप व्यवस्थापन कोष | ३९७९८१७ | १६६४२१७ | २३१५६०० |
| ३ | कर्मचारी कल्याण कोष | १२००००० | ० | १२००००० |
| | **जम्मा** | **७३९८०५८।४८** | **३१३७२९७** | **४२६०७६१।४८** |

| दफा नं | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **फिर्ता दाखिलाः** आर्थिक वर्ष २०७६।७७ मा निकासा मध्ये बाँकी रहेको संघिय सशर्त अनुदान तर्फ रु. २९६१०७२१।२५ र प्रदेश सशर्त अनुदानको रु ९२६८३० समेत जम्मा रु ३०५३७५५१।२५ मिती २०७७।३।३१ मा नेपाल बैंक लि. चरिकोट शाखामा दाखिला भएको छ । | |
| | **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राखुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>• प्राप्त वितीय विवरणको अनुसुची २४ मा बैक कारोवारमा बर्षान्तको बाकी रु. ५९३९४७५९।०९ र अनुसुची २४ अनुसारको नगद तथा बैक बाकी रु. ९८२०७१७०।६१ भई बैक रु. ३८८१२४११।५२ ले बढी देखिएको वितीय विवरणले देखाउदछ । अनुसुची २४ मा देखाएको बैक तथा नगद बाकी रु. ९८२०७१७०।६१ मध्ये रु. ३८८१२४११।५२ बैक कारोवारमा भिन्नता भन्ने उल्लेख छ ।यस सम्वन्धमा पुष्ट्याई प्राप्त नभएकोले हिसाव एकिन हुनु प्रर्दछ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्रुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सबै कारोबार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिडदैन ।<br>• नगरपालिकाले पेश गरेको वित्तीय प्रतिवेदनमा रु ४४५९००६६९।९७ देखाएकोमा पालिकाबाट खर्च भएको सबै बजेट शिर्षकको आर्थिक विवरण एवं फाँटवारीको जोडजम्मा बाट जम्मा खर्च रु ४३७८३१२२७ देखिन्छ । फरक रकम रु ८०६९४४२।९७ सम्बन्धमा यकिन हुनुपर्दछ ।<br>• पालिकाबाट लेखापरीक्षणको लागि पेश भएको संचितकोषको बैंक नगदी किताबअनुसार आम्दानी रु ४८२७७८०६२ देखाएकोमा पालिकाले पेश गरेको वित्तीय विवरण म,ले.प. फारम नं २७२ मा रु ३६९२०९८१० देखिन्छ । वित्तीय प्रतिवेदन र बैंक नगदी बिच रु ११३५६८२५२ फरक देखिएको छ ।<br>• पालिकोको संचितकोषको बैंक नगदी किताब अनुसार रु ४२६१५१७६८ खर्च देखिएकोमा वित्तीय प्रतिवेदनमा रु ३८३०९३८२७ देखिन्छ । बैंक नगदी किताब र वित्तीय प्रतिवेदन बिच रु ४३०५७९४१ ले फरक देखिएको छ । यस सम्बन्धमा यकिन गर्नुपर्दछ ।<br>लेखापरीक्षणका क्रममा प्रकोप व्यवस्थापन र कार्य संचालन कोष सुत्रमा अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय व्यय विवरण यथार्थ मान्न सकिने अवस्था छैन | |

| दफा नं | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ।त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु ९८९७६००० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु ११६८४५९८३।१६ . जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु १७८६९९८३।१६ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्दछ । | |
| ३. | **बैंक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार रु १२७५५२११।४४ फरक पर्न गएकोले बैंक हिसाव मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ । | |

| सि. नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | आन्तरिक राजश्व खाता | ०।७९ | ५००० | |
| २ | चालु खर्च खाता | ६८९१२ | ८१४८३१।७२ | |
| ३ | पुँजीगत खर्च खाता | ० | ७३७५३०१ | |
| ४ | धरौटी खाता | २६९९५५१।७४ | २६६६१३०।७४ | |
| ५ | संचित कोष खाता | ५६६२६२९४।५६ | ५६८९६९३२।८४ | |
| ६ | विभाज्य कोष खाता | ० | ० | |
| ७ | प्रकोप व्यवस्थापन खाता | ० | २३१५६९९।७५ | |
| ८ | कार्य संचालन कोष | ० | ८७६१७३।४८ | |
| ९ | कल्याण कोष खाता | ० | १२००००० | |
| | **जम्मा** | **५९३९४७५९।०९** | **७२१४९९७०।५३** | **१२७५५२११।४४** |

| दफा नं | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३.१. | **घटी बैंक मौज्दातः** नगरपालिकाले बैंक हिसाब मिलान नगरेको कारण स्रेस्ता र बैंङ्क मौज्दातमा रु १२७५५२११।४४ फरक देखिएको छ । समग्रमा बैंक मौज्दात स्रेस्ता भन्दा रु १२७५५२११।४४ ले बढी देखाएतापनि धरौटी खातामा स्रेस्ता अनुसार रु २६९९५५१।७४ र बैंङ्क स्टेटमेन्ट अनुसार रु २६६६१३०।७४ रहेकोले स्रेस्ता भन्दा बैंक मौज्दात घटी देखाएको रु ३३४२१ को बैंक हिसाब विवरण तयार गरी यकिन गर्नुपर्ने रु | ३३४२१ |
| ४. | **बैंक नगदी किताब र आर्थिक विवरण नभिडेको**ः नगरपालिकाले लेखापरीक्षणलाई पेश गरेको बैंक नगदी किताब र आर्थिक विवरण तथा खर्चको फाटवारी अनुसार निम्नानुसारको बजेट खर्च शीर्षकमा बैंक नगदी किताब र आर्थिक विवरण बीच रु. १११०६०८८।७५ फरक परेको छ। बैंङ्क नगदी किताबमा खर्च भएको रकम भन्दा आर्थिक विवरणले घटी देखाएको रु १११०६०८८।७५ को सम्बन्धमा यकिन हुनुपर्दछ । | |

| सि.नं. | खर्च शीर्षक | आ.वि. ले देखाएको | बैंक नगदी किताबले देखाएको खर्च | फरक |
|---|---|---|---|---|
| १ | संघिय सशर्त चालु | १३१४९३१६६।७५ | १३०९८६५६६ | ५०६६००।७५ |

<table>
<tr><th>दफा नं</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>२</td><td>संघिय सशर्त पुँजीगत</td><td>६०९३७३७</td><td>५५०८२४९</td><td>५८५४८८</td></tr>
<tr><td>३</td><td>नगरपालिका पुँजीगत</td><td>१५५५८४१७५।८९</td><td>१४५५७०१७५।८९</td><td>१००१४०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२९३१७१०७९।६४</td><td>२८२०६४९९०।८९</td><td>१११०६०८८।७५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५.</td><td>लेखा श्रेस्ताः स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ मा पालिकाले आय व्ययको अभिलेख अद्यावधिक रुपमा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले लेखापरीक्षणलाई पेश गरेको वित्तीय प्रतिवेदन, बैंक नगदी किताब, शीर्षकगत आर्थिक विवरणहरु भिडान गर्दा आम्दानी तथा खर्चमा एकरुपता रहेको पाइएन । नगरपालिकाले आर्थिक कारोबार सुत्रमा आबद्ध गरेतापनि प्रकोप व्यवस्थापन, कार्यसंचालन र कर्मचारी कल्याणकोषको कारोबार सुत्रमा समावेश नगरेको र सुत्रमा समावेश नगरेको कारोबारको आर्थिक विवरण लगायतका फाँटवारीहरु तयार गरेको पाइएन । नगरपालिकाले आय-व्ययको अभिलेख र आर्थिक विवरणहरु अद्यावधिक राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.</td><td>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा २०७७।३।३० मा ट्रान्सफर गरेको पाइयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।</td><td></td></tr>
</table>

| दफा नं | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन र मूल्य पनि आशिंक रुपमा मात्र खुलेको पाइयो ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। | |

| दफा नं | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ ४० र प्रशासनिकतर्फ ५१ समेत ८८ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः १३ र २५ समेत ३८ पदपूर्ती भएकोले कार्यलय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा स्वास्थ्य र पालिकातर्फका कर्मचारीहरुको तलब भत्तामा रु. ७५१२९३५१ खर्च लेखेको पाईयो ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• यातायात खर्च भुत्तानी गर्दा स्पष्ट मापदण्ड र दररेट निर्धारण नगरेको ।<br>• संचालित सवै कार्यत्रमहरुको नियमित अनुगमन सोको नियमीत प्रतिवेदन गर्ने गरेको छैन<br>• रु २० हजार भन्दा माथिको कारोवार अनिवार्य रुपमा मु.अ.करमा दर्तावालासँग खरिद गर्नुपर्नेमा पान विलमा कारोवार गरेको ।<br>• योजनागत रुपमा अलग अलग नापी किताब नराखेका एवंम निर्माण कार्यको हालसम्मको परीमाण र खर्च देखिने एकिकृत नापी किताव प्रयोगमा नल्याएको ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७ बमोजिम पालिकाले आफनो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गरे नगरेको अभिलेख राखेको पाइएन ।<br>• उपभोक्ता समितीलाइ भुक्तानी गर्दा भरपाइ मार्फत समेत भुक्तानी गरेको ।<br>• स्वीकृत मलेप फा नं अनुसारको अभिलेख अद्यावधिक नगरेको ।<br>• जिन्सी आम्दानीमा बाधिएका कतिपय सामानहरुको मुल्य नखुलेको ।<br>• मर्मत अभिलेख खाता अद्यावधिक नगरेको, मर्मत आदेश नभएको ।<br>• सामाजिक सुरक्षा भत्ता वितरण गर्दा भत्ता वितरण गर्दा परिवारका अन्य सदस्यलाइ बुझाउने गरेको<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७. | **सेवा प्रवाह** लेखापरिक्षणलाई प्राप्त विवरण अनुसार अ ब ०७६।७७ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ । | |

| सि न | विवरण | विवरण सेवा प्राप्तिका लागि निवेदन र सिफारिस सख्या |
|---|---|---|
| १ | जन्म मृत्यु दर्ता | ४६८ |
| २ | नागरिकता सिफारिस | २०५ |
| ३ | घरबाटो सिफारीस | ११४ |

| दफा नं | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ४ \| नाता प्रमाणीत \| ३४२ | |
| | ५ \| नक्सा पास \| निवेदन संस्था ५०, अस्थायी अनुमति ४०, सम्पन्न ३५ | |
| | • **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** | |
| ८. | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री कृष्णमाया बुढाथोकी खड्का ले शुरु बजेट २०७६।३।१० गते रु ४२ करोड ४० लाख ९ हजार (शंशोधित बजेट रु ४७ करोड ४० लाख ९ हजार) को बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।११ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।३।११ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ९. | **योजना तर्जुमा र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आर्थिक, सामाजिक, पूर्वाधार लगायतका क्षेत्रमा रु ४३ करोड ७ लाख ५८ हजार बजेट व्यवस्था गरेकोमा रु ३१ करोड ८० लाख ४५ हजार खर्च गरेको पाइयो । यस वर्ष संचालित कुल १६२ योजना मध्ये १-५ लाख सम्मका १०६ योजना, ५-१० लाख सम्मका ३१ योजना , १०-२० लाख सम्मका १५ योजना र २० लाख भन्दा माथि ९ योजना संचालन भएकोमा १ वटा योजना क्रमागत रही उपभोक्ता समितीबाट १५४ र ठेक्काबाट ८ योजनाहरु संचालन गरेको पाइयो । पालिकाले मध्यम तथा दिर्घकालिन योजना छनौट तथा प्राथमिकीकरण नगरेको र अधिकांश कच्ची बाटोमा रकम खर्च गरेको देखिन्छ । तसर्थ पालिकाले मध्यम तथा दिर्घकालिन योजना छनोट तथा प्राथमिकीकरण गरी सहभागितामूलक, उत्पादनमुलक र प्रतिफल प्राप्त गर्ने गरि योजना संचालन हुनुपर्दछ । | |
| १०. | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. ४ करोड २८ लाख ४ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको मिती २०७६।१०।२३ र २०६६।१२।९ को निर्णयबाट बजेट व्यवस्था गरि खर्च लेखेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । **(रु. हजारमा)** | |

| क्र.स. | अवण्डा शिर्षक | रकम | अवण्डा वाट खर्च भएको कार्यत्रम/संशिधित |
|---|---|---|---|
| १ | समपुरक कोष | ३०००० | विभिन्न ३ योजनामा १४९४१ हजार |
| २ | मठ मन्दिर | १००० | विभिन्न ८ वटा मठमन्दिरहरु रु १० लाख |
| ३ | अन्य निर्माण सुधार | ४२०४ | विभिन्न ११ वटा योजनामा रु ४२०४ हजार |
| ४ | नेपाल जलवायु परिवर्तन सहयोग | ७६०० | विभिन्न ५ योजनाहरुमा रु ७६०० हजार |

| दफा नं | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | जम्मा ४२८०४ | |
| ११. | **कार्यक्रम परिवर्तन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उप नियम ७ वमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सिमा र शिर्षक वाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । सो विपरित वडा कार्यालयहरूको सिफारीसमा नगर कार्यपालिकाले निम्नानुसार कार्यक्रम संसोधन गरी रकम खर्च गरेको पाईयो जसका केही उदाहरणहरु निम्नानुसार रहेका छन। **(रु. हजारमा)** | |

| सि न | मौजुदा कार्यक्रम | रकम | परिवर्तित कार्यक्रम | रकम | कार्यपालिकाको निर्णय मिती |
|---|---|---|---|---|---|
| १ | हाटडाडा देखि धुन्सा सिजेक सडक | ५०० | खावेक गुम्बा तल्लोकोट सडक | ५०० | ०७६/१०/१६ |
| २ | खेतीपाती तथा भैपरि आउने | १२५ | पुम्पा आउने प्रवेश गेट निर्माण | १२५ | ०७६।१०।२३ |
| ३ | वडा कार्यालय गेट | १५० | स्टोन पार्क जाने बाटो | १५० | ०७६।१०।२३ |
| ४ | विभिन्न ६ समपुरक योजना | ७५६२० | विभिन्न ४० योजना तथा कार्यक्रमहरु | ८६१२० | ०७६।११।२६ |
| ५ | गत आ.वाको भुक्तानी भैपरी आउने चालु | २३०३ | गत आ.वाको कृषि तथा पशु | २३०३ | ०७६।११।२६ |
| ६ | अन्य निर्माण सुधार | — | वडा नं ९ मा फुल्यिङ सडक सुधार | २००० | ०७६।१२।९ |
| ७ | मौरी पालन तालिम र जाम जेलि प्रशोधित मेशिन | ५०० | तरकारी किट | ५०० | ०७७।३।१ |

| दफा नं | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १२. | **प्रगति विवरण नभएको**: स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्वन्धी व्यवस्था छ । पालिकाले यस बर्ष उपभोक्ता समितिवाट सञ्चालीत १५४ योजनाहरु समेत कुल १६२ योजना सञ्चालन गरेको देखियो । पालिकाले सञ्चालित योजनाहरुको प्रगति विवरण पेश हुन आएन । सञ्चालीत योजनाहरुको कार्यसम्पन्न अवस्था, वितिय एवं भौतिक प्रगति स्थीति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को विश्लेषण गर्न सकिएन । अतः स्वीकृत कार्यक्रम बमोजीम कार्य सञ्चालन र सञ्चालीत कार्यको प्रगति विवरण तयार हुनुपर्दछ । | |
| १३. | **सञ्चालन नभएका योजना तथा कार्यक्रमहरुः** लेखापरीक्षणलाई प्राप्त विवरणअनुसार यस वर्ष निम्नानुसारका योजना तथा कार्यक्रमहरुमा बजेट व्यवस्था भएकोमा संचालन हुन नसकि शुन्य प्रगति रहेको पाइयो । नगरपालिकाले बजेट व्यवस्था भएको योजना तथा कार्यक्रम संचालन गरी बजेट उपयोगी क्षमता बढाउनुपर्दछ **(रु. हजारमा)** | |

| सि. नं | योजनाको नाम | बजेट | कार्यक्रम खर्च |
|---|---|---|---|
| १ | आवधिक योजना सुधार | ११०० | ०० |
| २ | एक वडा एक खेल मैदान | २०० | ०० |
| ३ | राष्ट्रपति महिला उत्थान कार्यक्रम | १० | ०० |
| ४ | गैरआवसीय भवन | १५०० | ०० |
| ५ | वडा नं ३ खानेपानी घेरावाल | ५०० | ०० |
| ६ | हाटडाडा देखि सिक्री सडक | ४०० | ०० |

| दफा नं | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ७ | वैकल्पिक शिक्षा कार्यक्रम | ४९१ | ०० |
| ८ | नेपाल जलवायु सहयोग कार्यक्रम | ७६०० | ०० |
| | **जम्मा** | **११८०१** | **००** |

**१४.** **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसो चौमासिक | |
| सबै पूँजिगत | १७३३१०३ | १२४४२ | ५२११५ | १०८७५६ | ५४२३५ |
| **खर्च प्रतिशत** | **१००** | **७.१७** | **३०.०६** | **६२.७५** | **३१.२९** |

**१५.** **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ६९०६५६०० | ४४५५०१९६ | ११.६२ |
| सामाजिक क्षेत्र | १८६३१७००० | १४९०५५२०१ | ३८.९० |
| पूर्वाधार विकास क्षेत्र | १७५३७५००० | १२४४३९५१६ | ३२.४८ |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ६८४८००० | ६०४७६८६ | १.५७ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ८१८४४४०० | ५९००१२२७ | १५.४० |
| **जम्मा** | **५१९४५००००** | **३८३०९३८२७** | **१००** |

उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः

१५.१. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ५८८५३४५ राजस्व बाँडफाँड र अनुदानबाट रु २८७४४९२५० समेत रु ४३१३१९९७० आम्दानी भएकोमा चालु तर्फ रु २०९७८०६१६ र पूँजिगत तर्फ रु १७३३१३२१० र बित्तिय ब्यबस्था तर्फ रु .० समेत रु ४४५९००६६९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.३१ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु ७३५८००० खर्च भएको छ जुन आन्तरिक आयको १२५.०२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७२.९८ प्रतिशत चालु र ६०.२९ .प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

१५.२. लेखापरिक्षण लाई प्राप्त विवरण अनुसार यस वर्ष कुल आन्तरीक आम्दानी रु ५८८५३४५ रहेकोमा पालिकाको कुल प्रशासनिक खर्च रु ५९००१२२७ रहेको छ । आन्तरीक आयको

| दफा नं | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तुलनामा प्रशासनिक खर्चको हिस्सा १०.०२ गुणा बढी रहेको छ । पालीकाले आन्तरीक आम्दानीका थप स्रोतहरु बढाउन पहल गर्नुपर्दछ । | |
| १६. | **अधुरा आयोजना** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष लहरेमान चिपचिपे सडक स्तरोन्नति निर्माण कार्यको मिती २०७६।२।५ मा सम्झौता गरेकोमा ०७६।८।३० मा सम्पन्न हुनुपर्नेमा ७० % भौतिक प्रगति र हालसम्मको खर्च भुक्तानी रु ८५०२९२३१६ रहेको छ। उक्त योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको पाइयो । यसरी कानून विपरीत सम्झौता गरी बर्षौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |
| | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| १७. | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ८ पदमा २६ जना कर्मचारीहरु करारमा राखी रु. ६४७५९९० खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको इन्जिनियर-१, सु.प्र.अ.-१, स.इ.-१, असइ.–१, स.क.अ.- १ गरी ५ पदमा ५ जना कर्मचारीहरु नियुक्ति गरी बर्षभरीमा रु. २०२३९०० भुक्तानी गरेको देखिन्छ । | |
| १८. | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याणकोषमा रु ५००००० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धि पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरि पालिका अनुदानबाट सोझै कर्मचारी कल्याणकोषमा रकम ट्रान्सफर गर्न मिल्ने देखिदैन । | |
| १९. | **कर्मचारी फिल्ड भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो ५ जना प्राविधिक कर्मचारीहरुलाई तलबको २५ प्रतिशतले हुने रु ३७६०६५ फिल्ड भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको देखिन्छ। | |
| २०. | **विदाको अभिलेखः** ६६३।०७७।३।२३ नगरपालिकाले लेखा अधिकृत श्री महेश्वर अधिकारीलाई संचित घर विदा तथा विरामि विदा वापतको ३०/३० दिनको हिसावले हुन आउने रु८८७८० भुक्तानी गरेको छ । निजामती सेवा नियमावलीको नियम ९६ बमोजिम भुक्तानी गरेको घर विदा | |

| दफा नं | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तथा विरामी विदा वापतको भुक्तानीको अभिलेख नराख्दा आगामी दिनमा दोहोरो पर्नजाने संभावना देखिन जान्छ । अतः यस्तो खर्चको अभिलेख राख्नुप्रर्दछ । | |
| | • **कानून निर्माण एवं कार्यान्वयन** | |
| २१. | **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ वटा ऐन, १ वटा नियमावली, ९ कार्यविधि लगायत ४३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । साथै पालिकाले २५ वटा कानूनहरु निर्माण गरी सभा कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| २२. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १ र यो बर्ष थप भएको ३० गरी कुल ३१ विवाद दर्ता भएकोमा २७ वटा मात्र फछ्र्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २३. | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण संघीय हस्तान्तरित कार्यक्रम तर्फको को.ले.नि.का. चरिकोट बाट र बाकी सबै आलेप शाखा गठन गरी आलेप सहायकबाट लेखापरीक्षण गराएको पाइयो । | |
| | • **पदाधिकारी सुविधा** | |
| २४. | **पदाधिकारी सुविधा खर्च .**बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको पहिलो ऐन, २०७५ ( पहिलो संशोधन समेत) दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनुसुची १ मा उल्लेख भएको सुविधा पाउने व्यवस्था छ ।नगरपालिकाले यस वर्ष संचारमा रु ८११५००, खाजामा रु ८८२०००, पुस्तक पत्रपत्रिका इन्टरनेटमा रु ५३१०००, खानेपानी तथा बिजुलीमा रु ४६८०००, सरसफाइ तथा मर्मतमा रु १९८०००, डिजेल पेट्रोलमा रु ८३२५००, अतिथी सत्कारमा रु १३८१५००, सम्नवय भत्ता रु ९३१५०० गरि रु ६०३६००० भुक्तानी गरेको देखिन्छ । | |
| २४.१. | नगरपालिकाले पदाधिकारीहरुलाई मासिक सुविधा ०७६।७।१ देखि दिनुपर्ने व्यवस्थामा पालिकाले ०७६ असोज महिनाको मासिक सुविधा रु ६७० हजार भुक्तानी गरेको पाइयो । २०७६ असोज महिनाको पारिश्रमिक भुक्तानी नभएकोमा असोजको मासिक सुविधा ०७७ असार महिनाको भुक्तानी हुनुपर्ने सुविधाबाट कट्टी गरेको देखिन्छ । नियमानुसार मात्र मासिक सुविधा भुक्तानी गर्नुपर्दछ । | |

| दफा नं | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २५. | **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. १०७२१८३ खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २६. | **सामाजिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले उपचार प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति लाई ४९४६११४।४० सामाजिक सहायता र अन्य सहायता रु २५५००० समेत जम्मा रु ५२०१११४।१४ वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| | • **अनुदान प्राप्ति र वितरण** | |
| २७. | **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार अनुदानमा रु.४४२१५६० खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| **क्र.स.** | **कार्यक्रम** | **रकम** |
|---|---|---|
| १ | १००% अनुदानमा आलु बिउ | १००००० |
| २ | ५०% अनुदानमा मिनि टिलर | ६५०००० |
| ३ | ५०% अनुदानमा दोस्रो पुस्ताको आलुको बिउ | ८०००० |
| ४ | आलु उत्पादन र ढुवानी अनुदान | २३ ५२० |
| ५ | किबि विकास ढुवानी अनुदान | २८००० |
| ६ | ५०% अनुदानमा आइरन टनेल | ५२०००० |
| ७ | आइपिएम कृषक पाठशाला | १००००० |
| ८ | ५०% आधुनिक मौरीघार वितरण | ५००००० |
| ९ | ५०% अनुदान किवि जामजेली | २९५००० |
| १० | किवि बगैचा ट्रेलिस निर्माण ५०% अनुदान | ८७४२६५ |
| ११ | किवि व्यवसाय बगैचा स्थापना ५०% अनुदान | ४६२५०० |
| १२ | टनेल अर्गानिक तरकारी ५०% अनुदान | २७८९६० |
| १३ | थ्रेसर मेसिन वितरण | २९२५०० |
| १४ | सुनिगस ५०% अनुदान | ३०००० |
| १५ | किवि खेतीका लागि असिना छेक्ने जाली ५०% अनुदान | ११४९८३ |
| १६ | लोकल कार्य माछापालन ५०% अनुदान | १५०००० |
| १७ | हाते च्याप्कटर वितरण ७५% अनुदान | १९९१२५ |
| १८ | हिउदे घासको बिउ वितरण | ९३९६० |
| १९ | हिउदे फलफुल बिरुवा ५०% अनुदान | १४६७४७ |
| २० | भकारो सुधार कार्यक्रम ( १० जना) | १५०००० |
| २१ | गरीबसंग बिश्वेश्वर कार्यक्रम बाखा पालन अनुदान | २५०००० |

| दफा नं | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| | **जम्मा** | ४४२१५६० |

**२८. नाफामूलक संस्थालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु. १४०८०९० अनुदान उपलब्ध गराएका छन् ।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन ।

| सि.नं. | अनुदान पाउने संस्थाको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| १ | पाँचपोखरी कृषि सहकारी संस्था लिमिटेड | तरकारी खेति | २००००० |
| २ | आकाशदिप बचत तथा ऋण सहकारी संस्था | अनुदान | ६१६५० |
| ३ | जलेश्वर कृषक समुह र बौद्ध जडिवुटी उद्योग | अनुदान | ९४६४४० |
| ४ | जिरेश्वर क्याटल डेरी | डेरी सामाग्री | २००००० |
| **जम्मा** | | | **१४०८०९०** |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

**२९. पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** - पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जचना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ भन्ने उल्लेख छ वडा नं २ छेचु महोत्सव संचालनको लागि महोत्सव समितिलाई रु ३२०००० भुक्तानी भएको छ । पूजिगत शिर्षकबाट चालु प्रकृतिको महोत्सवखर्चमा भएको भुक्तानी गरेको देखिन्छ ।

**३०. अनुत्पादक खर्च** - सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु. १८०००० खर्च गरेको देखिन्छ ।

| सि. नं | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १. | राष्ट्रिय लोक दोहोरी प्रतिष्ठान नेपाल | सहयोग | १०००० |
| २. | सुनुवार सेवा समाज | बाद्य बाद्यन प्रशिक्षण | ५०००० |
| ३. | लाल ब. जिरेल ( पर्यटन पूर्वाधार ) | सहयोग | १२०००० |
| ४. | नेवाः देय दबु | सामाग्री खरिद | १००००० |
| ५. | युवा संजाल जिरी | जिरी स्ट्रिट फुड फेस्टिवल | ३००००० |
| ६. | नविन जिरेल | फेस अफ जरी कार्यक्रम | १३५५२० |
| ७. | पासाङ शेर्पा | तेक्वान् डोजाङमा सहभागि | १००००० |
| | **जम्मा** | | **२२२३६१०** |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

| दफा नं | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **कर दस्तुर एवं आन्तरिक आय** | |
| ३१. | **कर तथा शुल्कमा असुलीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५,५७,५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहालकर, व्यवसाय कर र बहाल विरौटी शुल्क उठाउने व्यवस्था गरेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिती निम्नानुसार रहेको देखिन्छ । | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | १५००००० | ०० | ०० |
| घर बहाल कर | ४००००० | ०० | ०० |
| अन्य कर | १२०००० | ०० | ०० |
| बहाल विरौटी कर | १००००० | ०० | ०० |
| **जम्मा** | **२१२००००** | **००** | **००** |

| दफा नं | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३२. | **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष नगरपालिकाले व्यवसाय दर्ता ५ तथा १ नवीकरण शुल्क वापत रु. १५५०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३३. | **आन्तरीक आम्दानीः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ अनुसार आम्दानी खर्च पुष्टि हुने गरि प्रमाण राखुपर्ने ब्यवस्था रहेको छ । कार्यालयले यो वर्ष आन्तरिक आम्दानी रु. ५८८५३४४ गरेको बिवरण प्राप्त भएको छ । नगरपालिका कार्यालय र ९ वटा वडा कार्यालयहरुले नगरपालिकाबाट प्राप्त रसिद प्याड थान, आम्दानीमा प्रयोग भएका रसिदहरु र बाकी रहेका रसिदहरुको अभिलेख अद्यावधिक गरेको छैन । तोकिएका म.ले.प.फारम नं. १०५, १०६, १०७ र १०८ लगायतका अभिलेखहरु ब्यवस्थित राखेको नदेखिदा नगरपालिका र वडा कार्यालयहरुबाट भएको आम्दानी यकिन गर्न सकिएन । | |
| ३४. | **वडागत आम्दानीः** नगरपालिकाबाट लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार नगरपालिकाबाट नगदी रसिद प्रयोगको अवस्थाको वडागत आम्दानी विवरण निम्नानुसार रहेको पाइयो । | |

| **वडा नं.** | **गएको ठेली नगदी/ मालपोत** | **बुझिलिने नाम** | **फिर्ता आएको ठेली** | **नगदी रसिद आम्दानी** | **मालपोत रसिद आम्दानी** | **जम्मा रकम** | **बैंक दाखिला** | **बैंक दाखिला मिति** |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | कृष्णगोपाल खड्का | ४ | ५६०५० | छैन | ५६०५० | ५८००० | महिनाको अन्तिम दिन |
| २ | ७ | कृष्णगोपाल खड्का | ७ | १२६७५० | | १२६७५० | १२६८५ | महिनाको अन्तिम दिन |
| ३ | ८ | कृष्णगोपाल खड्का | ८ | २१०३१५ | | २१०३१५ | २१०३१ | महिनाको अन्तिम दिन |
| ४ | ४ | अजिता देबकोटा | ४ | ७६६५० | | ७६६५० | ७६६५० | महिनाको अन्तिम दिन |
| ५ | ५ | सानुमैया खड्का | ५ | १४१६०० | | १४१६०० | १४१७५० | महिनाको अन्तिम दिन |

<table>
<tr><th>दफा नं</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td><table>
<tr><td>६</td><td>७</td><td>बिरेश बहादुर जिरेल</td><td>७</td><td>१३९३१६</td><td></td><td>१३९३१६</td><td>१३९३२०</td><td>महिनाको अन्तिम दिन</td></tr>
<tr><td>७</td><td>६</td><td>सानुमैया खड्का</td><td>६</td><td>१५३७३५</td><td></td><td>१५३७३५</td><td>१५३७८३</td><td>महिनाको अन्तिम दिन</td></tr>
<tr><td>८</td><td>७</td><td>पृथ बहादुर जिरेल</td><td>७</td><td>१४४५१०</td><td></td><td>१४४५१०</td><td>१४४५१०</td><td>महिनाको अन्तिम दिन</td></tr>
<tr><td>९</td><td>४</td><td>चन्द्र बहादुर जिरेल</td><td>४</td><td>९१६३०</td><td></td><td>९१६३०</td><td>९१६३०</td><td>महिनाको अन्तिम दिन</td></tr>
</table></td><td></td></tr>
<tr><td>३४.१.</td><td>वडा नं १,२,३ का कृष्णगोपाल खड्काले १९ नगदी रसिद प्याड बुझिलिएको र फिर्ता गरेको विवरण पेश भएकोमा सहायक जिन्सी खाताको अभिलेखमा १५ रसिद प्याड बुझिलिएको देखाएको छ ।बुझिलिएको रसिद र आम्दानी एवं बैंक दाखिला सम्बन्धमा नगरपालिकाबाट यकिन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३४.२.</td><td>वडाँ नं १ का कृष्णगोपाल खड्काले फिर्ता गरेको ४ थान रसिद मध्ये रसिद नं १४४५१-१४५०० सम्मको आम्दानी रकम रु ११०५० देखाएको छ । उक्त रसिदको जोडजम्मा गर्दा कुल रु २१०५० देखिन्छ । रसिद नं १४४४६ को आम्दानी रु ५००० रद्द गरेको उल्लेख गरेको र रसिद नं १४४५४ को आम्दानी रु ५००० जरिवाना नबुझाएको उल्लेख गरेको तर सक्कल प्रति संल्गन नगरेको रु १०००० सम्बन्धमा यकिन गर्नुपर्ने रु</td><td>१००००</td></tr>
<tr><td>३४.३.</td><td>वडा नं ९ का चन्द्र बहादुर जिरेलको रसिद नं १६२५६ बाट अक्षरमा रु ४३०० लेखी आम्दानी लेखेकोमा अंकमा केरमेट गरि रु ३३०० मात्र आम्दानी देखाएको छ।घटी बैंङ्क दाखिला गरेको रु १००० असुल गरी पालिकाको संचित कोषमा दाखिला हुनुपर्ने रु</td><td>१०००</td></tr>
<tr><td>३४.४.</td><td>क. आन्तरीक आयमा प्रयोग हुने रसिदहरुको छपाई, आम्दानी, खर्च र बांकी र वडागत वितरणको अभिलेख देखिने रसिद नियन्त्रण खाता ब्यवस्थित राखेको पाइएन।<br>ख. गत आ.व.मा छपाई भएका नगदि रसिदहरु समेत प्रयोगमा आएको पाइएको तर त्यसको अ.ल्या. र बाकी समेत देखिने अभिलेख अद्यावधिक गरेको पाइएन ।<br>ग. वडामा पठाइएको रसिदहरु र हाल रसिदको अवस्थाको सम्बन्धमा अभिलेख अद्यावधिक गरी राखेको पाइएन ।<br>घ. आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ ।बैक भौचरका आधारमा १/२ महिनामा आम्दानी बाधेको र सो आम्दानी के कहिले आम्दानी भयो वडागत रुपमा अभिलेख राखेको पाईएन । अभिलेख ब्यवस्थितगरी समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>आयकर एवं मू.अ.कर</td><td></td></tr>
<tr><td>३५.</td><td>भुक्तानीमा करः आयकर ऐन, २०५८ को दफा ८८ ८९ मा भुक्तानीमा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु, ६८८८९ अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल गर्नुपर्ने रु</td><td>६८८८९</td></tr>
<tr><td></td><td><table>
<tr><th>गो.भौ.नं/मिती</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>करको दर (१५%)</th><th>नपुग कर रकम</th></tr>
<tr><td>न.पा. चालु</td><td>जोखिम भत्ता २३ जना</td><td>४९२०६५</td><td></td><td>६८८८९</td></tr>
</table></td><td></td></tr>
</table>

| दफा नं | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३६. | **दाखिला बाकी करः** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम नगरपालिकाले कर कट्टी गरेको वित्तीय विवरणको बाकी रु १६५५९।७४ र कार्यसंचालन कोषको रु २०१९ समेत जम्मा रु १८५७८।७४ दाखिला गर्न बाकी देखिएको छ । उक्त रकम राजश्व दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु | १८५७८ |
| | • **उपभोक्ता समिति मार्फत कार्य** | |
| ३७. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि,२०७५ को दफा ३ उपदफा (२), दफा ४ उपदफा (१) खण्ड (ज) र खण्ड (ट) अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने लगायतका व्यवस्थाहरु रहेका छन् । त्यसैगरी कुल लागत रु.१ करोडसम्मका निर्माण तथा मर्मत सम्भार कार्य गराउदा सम्वन्धित लाभान्वित परिवारका सदस्यहरुको संलग्नतामा उपभोक्ता समिति गठन गरी गर्न सकिने र यस्तो कार्यमा नगद लागत सहभागिता वा श्रमदान गर्नुपर्ने, स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत अनुसूची १ मा तोकिएको ढांचा अनुसार अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ ।<br><br>मोटर बाटो खन्ने तथा चौडा गराउने, विभिन्न भवनहरु निर्माण गर्ने लगायतका भौतिक पूर्वाधारका कार्यहरु, कृषि, पशु, स्वास्थ्य, शिक्षा तथा जनचेतना र सशक्तिकरण लागायत सामाजिक, आर्थिक र भौतिक पुर्वाधार क्षेत्रका विभिन्न कार्यहरुमा रकम खर्च गर्दा उपभोक्ता समिति मार्फत गराउने गरेको छ । मोटरबाटो लगायत अधिकांश कार्यहरुमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभि मेशिनहरु प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो । हेभि मेशिनहरु प्रयोग गर्दा प्रायजसो कार्यहरुमा उपभोक्ता समितिसंग सम्झौता गरी कार्य गर्ने गरिएको छ । धेरैजसो निर्माण कार्यहरु उपभोक्ता वा लाभग्राही समुदाय आफुले नगरी तेश्रो पक्षबाट कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाईबाट देखियो । अधिकांश योजनामा सडक निर्माणको कार्यमा न्यूनतम २० प्रतिशत र अन्यमा न्यूनतम १० प्रतिशतको हाराहारीमा जनसहभागिताको अंश राखी सम्झौता गरिएकोमा अधिकांशमा १० देखि २० प्रतिशतको हाराहारीमा जनसहभागिताबाट कार्य गराइएको छ भने केहि थोरै योजनामा मात्र सोभन्दा बढी प्रतिशत जनसहभागिताबाट कार्य गराएको देखियो । उपभोक्ता समितिबाट गरिएका अधिकांश निर्माण तथा अन्य कार्यहरुको नापी किताव, ठेक्का विल र कार्य सम्पन्न प्रतिवेदनमा काम शुरु, सम्पन्न र फरफारक गरेको मिति र अवधि खुल्ने गरेको छैन । योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन | |

<table>
<tr><th>दफा नं</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>। सम्वन्धित वडा तथा स्थानिय तहले यस प्रकार संचालन भएका योजनाहरुको अभिलेख अद्यावधिक गर्ने गरेको पाइएन ।<br><br>जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने, योजना कार्यन्वयनमा जनसहभागिता र अपनत्व थप बृद्धि नगर्ने, खर्च सार्वजनिक नगर्ने जस्ता कानूनमा उल्लेख भएका प्रावधानहरुको पालना नगरेको प्रति सम्वन्धित प्राविधिक, कार्यालय तथा पदाधिकारीले समेत ध्यान दिएको देखिएन । उपभोक्ताले गर्ने श्रममुलक कार्यमा जनसहभागिताको अंशमा बृद्धि गरि योजनाको स्वामित्व र लागत प्रभावकारितामा बृद्धि गर्नुपर्ने देखियो । उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३८.</td><td>सार्वजनिक परिक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अन्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । विभिन्न सडक, भवान, सिचाई, खानेपानी तथा कृषि विकास र पशु विकास सेवा तर्फको कार्यक्रमहरु को सार्वजानिक सुनवाई गरेको जनाएतापनि सार्वजानिक सुनुवाईको ढाँचा अनुरुप गरेको पाईएन । कतिपयमा वजेट खर्च उल्लेख गरेको देखिदैन । केहिमा सार्वजनिक सुनुवाईको लागी तोकिएको फारम भर्ने गरेता पनि सरोकारवालाहरुको न्युन उपस्थिती रहने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजानिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवद्र्धन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३९.</td><td>हेभी इक्विपमेण्टको प्रयोग – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगरकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th><th>प्रयोग गरेको हेभी उपकरण</th><th>हेभी उपकरणमा भएको खर्च</th></tr>
<tr><td>२र०७७।३।१०</td><td>हनुमन्ते विकास पूर्वाधार योजना उास</td><td>पूर्वाधार</td><td>४९३८०००</td><td>स्काभेटर</td><td>४५८३८४</td></tr>
<tr><td>१र०७७।२।३०</td><td>बगाम यागनागी गुम्बा सडक</td><td>सडक</td><td>९८८०००</td><td>स्काभेटर</td><td>८४७५०</td></tr>
<tr><td>७९।०७६।६।१४</td><td>रातामाटे टोल विकास समिति</td><td>सडक नर्माण</td><td>२४५०००</td><td>स्काभेटर</td><td>२५४५००</td></tr>
</table>
नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>३९.१.</td><td>माथि उल्लेख गरिएका लगायत अधिकांश योजनाहरुको नगरपालीकाले उपभोक्ता समितिसँग सम्झौता गरी प्राविधिक कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिएको छ । अधिकांश उ.स. हरुले एक्साभेटर लगायतका हेभि इक्युपमेन्टहरु प्रयोग गरेको निर्माण ब्यावसायिका कर बिजकहरु पेश गरी भुक्तानी लिएको छ । उपभोक्ता समितिले भुक्तानी लिएको रकमको तुलनामा बढी मुल्यका कर बिजकहरु पेश गरी निर्माण ब्यवसायीले नगरपालिकाबाट भुक्तानी लिएको रकमभन्दा बढी रकम उपभोक्ता समितिसँग भुक्तानी लिएको पाइएकोले उक्त निर्माण कार्यहरु बास्तविकरुपमा भएका छन भनी आश्वस्त हुने आधार एकिन भएन ।</td><td></td></tr>
<tr><td>४०.</td><td>जटिलसंरचना निर्माण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्
<table>
<tr><th>सि. नं.</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१.</td><td>फुलपिङ खोला सडक सुधार उ.स.</td><td>कडा माटो कटिङ्ग</td><td>१९४००००</td></tr>
<tr><td>२.</td><td>खोप केन्द्र निर्माण</td><td>भवन निर्माण</td><td>३६८६००</td></tr>
<tr><td>३.</td><td>स्वास्थ्य चौकी भवन निर्माण वडा ४</td><td>भवन निर्माण</td><td>९२४१३१६</td></tr>
</table></td><td></td></tr>
<tr><td>४१.</td><td>वील भरपाईः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने ब्यवस्था छ । उपभोक्ता समिति मार्फत भएका निम्न योजनामा उपभोक्ता समितिले निर्माण व्यवसायीका एक्साभेटर । डोजर प्रयोग गरी सडक मर्मत तथा खन्ने कार्य गराई कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको परिमाण र दरमा उ.स.ले भुक्तानी लिएकोमा कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको रकम भन्दा कमका निर्माण व्यवसायीको कर विजक पेश गरेको पाइयो । कार्य सम्पन्न प्रतिवेदन अनुसार पुरै रकमको वील भर्पाइ पेश हुनुपर्नेमा घटी वील पेश गरेको निम्नानुसारको रकम सम्वन्धीत उपभोक्ता समितिसँग असुल गर्नुपर्ने रु....</td><td>३५९३६९</td></tr>
<tr><td></td><td colspan="2">
<table>
<tr><th>भौ न मिति</th><th>योजना</th><th>कामको विवरण</th><th>मुल्याङ्कन रकम</th><th>बिल पेश</th><th>घटी वील</th></tr>
<tr><td>७८।०७६।१० ।१६</td><td>खोलाखर्क ठुलो ठुलोपातल सडक सत्तरोन्नती</td><td>सडक स्तरोन्नती</td><td>८५४९८९</td><td>७९०८८१</td><td>६४१०८</td></tr>
<tr><td>९६।०७६।११ ।७</td><td>खरायोवन वोचोवाटी सडक स्तरोन्नती</td><td>सडक स्तरोन्नोती</td><td>४०००००</td><td>३७०३७४</td><td>५११६१</td></tr>
<tr><td>१४५।०७७।१ ।२९</td><td>हाम्रो सुन्दरटोल खरायोवन तोहुसेल सडक</td><td>साहो माटो खन्ने</td><td>२१९१५७</td><td>२०००००</td><td>१९१५७</td></tr>
<tr><td>२८।०७६।७। १७</td><td>हिले धारापानी माडे सडक</td><td>सडक खन्ने</td><td>६६८८१</td><td>-</td><td>६६८८१</td></tr>
<tr><td>२८।०७६।७। १७</td><td>हिले नेपाने बजेनी सडक</td><td>सडक खन्ने</td><td>६६८८१</td><td>-</td><td>६६८८१</td></tr>
</table></td></tr>
</table>

| दफा नं | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १५६।०७७।२।२७ | यार्सा पुम्पा इन्वा गुफा टोल ढुङ्गा रावु हेल्थ पोष्ट सडक | साह्रो माटो खन्ने | ७६४५५ | - | ७६४५५ |
| १९०।०७७।२।२६ | क्लवटार सर्व खासा सडक | माटो खन्ने कारेय | ३१३७७६ | २९९०५९ | १४७१७ |
| | **जम्मा** | | | | **३५९३६०** |

**४२.** **सव कन्त्याक्टरवाट काम गराएको**ः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समूदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टरवाट काम गराउन नहुने उल्लेख छ । कार्यालय र उपभोक्ता वीच सम्झौता भई वाटोको ट्याक खोल्ने, पहिरो हटाउने लगायतका वाटो, मोटर वाटो सम्बन्धी काम उपभोक्ताले गर्ने भनिएपनि स्रेस्ता परीक्षण गर्दा अकिकांश काम निर्माण व्यवसायीवाटै गराउने गरेको देखियो उपभोक्ताले पेश गरेको विलमा केही निःशुल्क श्रम वापत भनी मस्टररोलमा काम गरेको देखाएपनि अधिकांश योजनाहरुको निर्माण कार्य निर्माण व्यवसायीवाटै गराएको उल्लेख गरी उपभोत्ताको योगदान बाहेकको बाकी रकम निर्माण ब्यावसायीको कर विजक पेश गरी भुत्तानी गरेको पाइयो । कानूनको परिपालना नगरी काम गराएकोलाई नियमसम्मत मान्न सकिएन । केही उदाहरण निम्नछन्:

| भै.न.मिति | उपभोत्ताको समितिको नाम | कामको विवरण | ल.ई | निर्माण व्यवसायी | भुक्तानी रकम | कन्ट्रयाक्टरको विल |
|---|---|---|---|---|---|---|
| ४८।०७६।८।२६ | वडा कार्यालय धन्सार पखरे महादेवथान रामवोलो सडक सत्रोन्नती | विभिन्न प्रकारको माटो खन्ने कार्य | ४४२७१३६ | हाम्रो जिरी बजेनी निर्माण सेवा जिरी ८ | १९०६२४५ | १७५४७६७ |
| ७८।०७६।१०।१६ | खोलाखर्क ठुलोपातल सडक स्तरोन्नती | सडक सत्रोन्नती | ८५४८७३ | जिरी निर्माण सेवा जिरी ६ एन एम एस जे निर्माण सेवा | ८००००० | ७९०८८१ |
| १४९।०७७।२।१७ | बाघखोर पारिपाङ्ग सडक | माटो खन्ने कार्य | १६६७६९ | एन एम एस जे निर्माण सेवा जिरी ४ | १५०००० | १६४९७० |
| १७२।०७७।१।३० | धैलाधारा कात्तिके सडक | साह्रो माटो खन्ने | २१३९१९ | जिरी निर्माण सेवा जिरी ६ | २००००० | २२६००० |
| १८२।०७७।२।२५ | ओखेटार फुटवल मैदान निर्माण | माटो खन्ने | ७८९८८३ | एन एम एस जे निर्माण सेवा जिरी ४ | ६९४५५७ | ७७३०१० |

**४३.** **टुक्रा पारी खरिद**ः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१) मा पाँच लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य मालसामान वा परामर्श सेवा सिधै खरिद गर्न सकिने एवं नियम ८५(४) मा सार्वजनिक निकायले एकलाख रुपैयाभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सुचीमा रहेका कम्तीमा तिनवटा आपुर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकवाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरि खरिद गर्न सक्ने उल्लेख छ । कार्यालयले एकलाख भन्दा बढी पाँचलाख मुनिका सडक तथा अन्य निर्माण कार्य गराउँदा मौजुदा सुचिमा रहेका कम्तीमा तीनवटा निर्माण व्यवसायीवाट लिखित रुपमा दरभाउपत्र माग गरि सवैभन्दा घटीवाला दरभाउपत्र वालासँग निर्माण कार्य गराउनुपर्नेमा निर्माण कार्यमा एउटै मात्र निर्माण व्यवसायिलाई काममा लगाई भुक्तानी गरेको कारण सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्थाको पालना नभएको एवं खरिद कारवाही मितव्ययी भएको छैन । खरिद कार्यमा प्रतिस्पर्धा गराई मितव्ययी खरिद प्रक्रिया अपनाउने तर्फ कार्यालयको ध्यान जानु जरुरी छ ।

| गो.भौ.नं | विवरण | सप्लायर्स | रकम |
|---|---|---|---|
| २४।०७६।७।७ | जिरी खिम्ति शिवालय सडक वडा नं ४ | एन.एम.एस जे निर्माण सेवा जिरि ४ | २६७९२६ |
| २६।०७६।७।७ | वडा नं ४ विभिन्न सडक मर्मत | रामबोले कालिदेवि कन्ट्रक्सन काठमाण्डौ ३ | ४१३९३८ |

<table>
<tr><th>दफा नं</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>२७।०७६।७।१५</td><td>वडा ७,४ र ९का विभिन्न सडक मर्मत</td><td>एन.एम.एस जे निर्माण सेवा जिरी ४</td><td>४०९२४५</td></tr>
<tr><td>२७।०७६।७।१५</td><td>वडा ३ का विभिन्न सडक मर्मत</td><td>लोकल निर्माण सेवा जिरी ५</td><td>२०८७४२</td></tr>
<tr><td>३५।०७६।८।९</td><td>वडा का विभिन्न सडक सरसफाई</td><td>जिरी निर्माण सेवा जिरी ६</td><td>१४७५००</td></tr>
<tr><td>५३।०७६।९।१३</td><td>वडा नं १ का सडक सरसफाई</td><td>गोकुल गंगा कन्ट्रक्सन रामेछाप</td><td>२९०५२५</td></tr>
<tr><td>५७।०७६।९।१५</td><td>वडा नं २ विभिन्न सडक सरसफाई</td><td>लोकल निर्माण सेवा जिरि ५</td><td>२०८८००</td></tr>
<tr><td>५८।०७६।९।१७</td><td>वडा नं ५ विभिन्न सडक सरसफाई</td><td>लोकल निर्माण सेवा जिरी ५</td><td>१८१०००</td></tr>
<tr><td>६५।०७६।९।२५</td><td>वडा नं ३ विभिन्न सडक सरसफाई</td><td>एन.एम.एस जे निर्माण सेवा जिरी ४</td><td>६३८३२</td></tr>
<tr><td>७०।०७६।९।२५</td><td>वडा नं ५ विभिन्न सडक सरसफाई</td><td>एन.एम.एस जे निर्माण सेवा जिरी ४</td><td>६०६३२</td></tr>
<tr><td>७५।०७६।१०।१३</td><td>वडा नं ९ विभिन्न सडक सरसफाई</td><td>एन.एम.एस जे निर्माण सेवा जिरी ४</td><td>९८९९९</td></tr>
<tr><td>३०१।०७७।३।२६</td><td>खा.पा मर्मत योजना जिरी ३</td><td>न्यु नेपाल निर्माण सेवा जिरी ६</td><td>४९८६११</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४४.</td><td>कार्य सम्पन्न प्रतिवेदनः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई लागत अनुमान अनुसारको निर्माण कार्य सम्पन्न गरि सकेपछि सम्वन्धीत सार्वजनिक निकायले खटाएको प्राविधिकवाट जाँचपास गराई खर्चको विवरण सहित सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सोही अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिई योजना फरफारक गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपभोक्ता समिति मार्फत निर्माण गराएको लागत अनुमान रु२००००० भएको लिंकन बजार टोल सुधार समितिमार्फत भएको स्वागतद्धार निर्माण तथा मर्मत कार्यमा संझौतामा उल्लेख भए अनुसारनै रकम भुक्तानी दिदा निर्मण कार्यको लागत इष्टिमेट, कार्य सम्पन्न भएको प्रमाण पेश भएको देखिदैन । अतः लागत इष्टिमेट र कार्यसम्पन्न प्रतिवेदन पेश नभइ भुक्तानी भएको रकम नियमसम्मत नभएको रु..</td><td>२०००००</td></tr>
<tr><td>४५.</td><td>विल भरपाईः आर्थिक कार्यविधि नियमावलि २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भर्पाई समेत स्रेस्ता राख्नुपर्ने ब्यवस्था छ पालिकाको निम्नानुसारको खर्च भुक्तानी गर्दा खर्चलाइ पुष्ट्याई गर्ने कागजात, विलभर्पाई संलग्न भएको पाइएन । यसरी विलभर्पाई वेगर भएको रु ४२५००० को विलभर्पाई पेश हुनुपर्ने रु
<table>
<tr><th>भौ.न मिति</th><th>योजना</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>२९।०७६।७।१७</td><td>यलुङ आम्दा खर्क खा.पा तथा सरसफाई वडा २</td><td>मर्मत संभार</td><td>५००००</td></tr>
<tr><td>३०।०७६।७।१७</td><td>कोट टासिता भण्डार खा.पा तथा सरसफाई वडा ६</td><td>मर्मत संभार</td><td>५००००</td></tr>
<tr><td>३१।०७६।७।१७</td><td>जिरी कृषि सहकारी जिरी ५</td><td>शित भण्डार निर्माण</td><td>३२५०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>४२५०००</td></tr>
</table>
</td><td>४२५०००</td></tr>
<tr><td>४६.</td><td>वडा कार्यालय र स्वास्थ्य चौकीः आर्थिक कार्यविधि नियमावलि २०६४ को नियमा ४०(७) चालु बर्षको बजेटले नखाप्ने गरी बढी खर्च हुने गरी दायित्व सृजना गर्न हुदैन ।तर बिशेष कारणले एवं परिस्थितिबश उपनियम ८ मा उल्लिखित खर्च शिर्षकहरुमा चालु बर्षको बजेटले नखामेको खर्च ब्यहोर्नुपर्ने भएमा विल भर्पाईबमोजिमको रकम आगामी बर्षमा भुक्तानी दिनुपर्ने कारण खोलि महालेखा परीक्षकको कार्यालयले तोकेको ढाचामा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई श्रावण पन्ध्र गतेभित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणीत गराइ राख्नुपर्नेछ र त्यस्तो भुक्तानी बाँकीको कच्चावारी आर्थिक विवरणका साथ तालुक कार्यालय, सम्वन्धित मन्त्रालय, कोष तथा लेखा नियन्त्रक कार्यालय तथा महालेखा परीक्षकको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ ।गत बर्षको ०७५।७६ को विनियोजित बजेटवाट संम्झौता भई सम्पन्न भएका बजेट अभावले भुक्तानी दिन बाँकी रहेका योजनाको भुक्तानीको लागि यस आब ०७६।७७</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>मा विभिन्न वडा कार्यालय तथा नगर कार्यपालिका मा ग्यारेज निर्माणमा रु१९०००००० तथा गैर आवासिय भवन निर्माण आन्तरीक स्रोतवाट थप संशोधित १५ लाख बजेट विनियोजन गरी यस बर्ष निमन्नुसार योजनाको लागि रकम भुक्तानी दिएको छ ।
<table>
<tr><th>भौ.न मिति</th><th>योजना</th><th>लागत अनुमान</th><th>कार्यसम्पन्न</th><th>गत बर्षको भुक्तानी</th><th>०७६।७७ मा भुक्तानी</th></tr>
<tr><td>३।०७६।५।१३</td><td>स्वास्थ्य चौकी भवन वडा ४</td><td>९२९१०१५</td><td>९२४१३१६</td><td>६९५०१३०</td><td>११६०९२५।९६</td></tr>
<tr><td>४।०७६।५।१३</td><td>स्वास्थ्य चाइकी भवन वडा नं २</td><td>९३९१०१५</td><td>९३८८४३१</td><td>६३७४४३९</td><td>१८२३९१७</td></tr>
<tr><td>विभिन्न</td><td>७ नं वडा कार्यालय भवन</td><td>९२४६०५७</td><td>८८९६७९१</td><td>१९२९८७०</td><td>६०७४५६७</td></tr>
<tr><td>विभिन्न</td><td>वड नं ९ वडा कार्यालय भवन</td><td>९९९०९२३</td><td>९९५१४५५</td><td>४२६८३९८।२९</td><td>४६८७३३६</td></tr>
</table></td><td></td></tr>
<tr><td>४६.१.</td><td>बढी जटील प्राविधिक पक्ष समावेश भएको निर्माण कार्य उपभोक्ता समिति मार्फत नगराउनु पर्ने एवं एक कारोड रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य सोही स्थानमा बसोवास गर्ने बासिन्दा र त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको उपभेक्ता समिति वा लाभग्राही समुदायवाट गराउनु पर्ने सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ को प्रावधान विपरीत नगरपालिका मातहत वडा कार्यालय तथा स्वास्थ्य इकइहरुले हस्तान्तरण गरी आफ्नो स्वामित्तवमा लिने भवन जस्तो विषय उपभोक्ता समिति मार्फत निर्माण गरिनु एवं वोलपत्रको माध्यमद्धारा खुला प्रतिस्पर्धाको माध्यम नअपनाई ठेक्का मार्फत गरिदा निर्माण कार्यको लागत बढ्ने एवं खरिद प्रक्रिया मितब्ययि नहुने कुरामा नरपालिकाले ध्यान दिएको पाइदैन । यस्ता निर्माण सम्वन्धि कार्य गर्दा ठेक्का मार्फत गराई मितब्ययि खरिद प्रक्रिया अपनाउनु पर्दछ।</td><td></td></tr>
<tr><td>४६.२.</td><td>वडा नं ९ कार्यालय निर्माण कार्यको सम्पन्न गर्नुपर्ने अवधि ०७६।१०।१० सम्म रहेको तर उपभोकता समितिले ०७७।२।३० मा अन्तिम भुक्तानीको लागि निवेदन दिएको आधारमा ०७७।३।३ मा भुक्तानी दिएको देखिन्छ । निर्माण कार्यको म्याद सकिएको अवस्थामा पनि म्याद थप नगरी भुक्तानी दिने गरीएको कारण उपभोकता समिति मार्फत संचालित अधिकांश निर्माण कार्यमा सार्वजनिक खरिद नियमावलिको पालना भएको पाइएन । उपभोकता समिति मार्फत सम्पन्न हुने निर्माण कार्यमा पनि म्याद थप को प्रावधान राखि सोही अनुसार कारवाही गरी नियम कानुनको पालना तथा उपभोक्ता समिति लाई जिम्मेवार बनाउनु पर्दछ । निर्माण कार्यको रु९९५१४५५ को कार्यसम्पन्न प्रतिवेदन पेश भएको तर उपभोक्ता समितिले पेश गरेको खर्चको विल भर्पाई परीक्षण गर्दा रु९८४३२०६ को मात्र पाइएकोले उपभोक्ता समितिको योगदान दश प्रतिशत कट्टा गरी बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु</td><td>९७४२४</td></tr>
<tr><td>४६.३.</td><td>निर्माण कार्यमा प्रयोग भएका हार्डवेयर सामानहरु जस्तै सिमेन्ट, डण्डी, पाइप आदि सामानहरु को विल परीक्षण गर्दा कार्य सम्पन्न प्रतिवेदनमा प्रयोग भएको सामानको तुलनामा खरिद विल धेरै परीमाणको देखिदा बास्तविक प्रयोग र खरिद परीमाणमा एकरुपता छैन । समग्रमा बीलको रकम हिसाव गर्दा केहिमा कार्य सम्पन्न भन्दा बढी रकम देखिए पनि वास्तविक प्रयोग र खरिद विल मिलेको पाइदैन । यस तर्फ सम्वन्धित पक्षको ध्यान जानुपर्नाको साथै उपोभोक्ता समितिलाई वास्तविक प्रयोगको आधारमा विल पेश गर्न लगाउनु पर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| दफा नं | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४७. | **नर्म्सको प्रयोगः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्वन्धी भए त्यस्तो नर्म्स बमोजिम त्यस्तो नर्म्स नभएको अवस्थामा नेपाल सरकारवाट स्वीकृत नर्म्स बमोजीम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । नर्म्सको प्रयोग गर्दा सकेसम्म किफायति नर्म्स प्रयोग गरि सरकारी स्रोत साधनको मितव्ययी प्रयोग गरिनु पर्दछ । वडा नं ९ कार्यालय भवन निर्माण कार्यको लागत अनुमन तयार गर्दा दरविश्लेषण अनुसार राखिएको दर र कार्यसम्पन्न प्रतिवेदन अनुसारको दरमा निम्नानुसार फरक मुल्याङ्कन गरी भुक्तानी भएकोले फरक दर अनुसार भएको कार्यको परिमाण अनुसारले हुने रकम बढी भुक्तानी भएको रकम सम्वन्धित उपभोक्ता समितिसँग असुल गर्नुपर्ने रु | ८३४८५ |

| सि.न | कार्यविवरण | दर विश्लेषण ०७५।०७६ | कार्य सम्पन्न प्रतिवेदन अनुसार | बढी दर | परिमाण | बढी भक्तानी |
|---|---|---|---|---|---|---|
| १. | **Rubble masonary work including scafolding (1:6)** | १२०५२.९५ | १२१३६.९२ | ८३.९७ | ४८.५८ घमि | ४०७९.९ |
| २. | Plain cement concrete (1:3:6) | १३४४२.८४ | १४५८५.५५ | ११४२.७१ | ३१.९९ घमि | ३६५५५.२९ |
| ३. | 1st class chimney brick masonary work in 1:4 cement morter | १९३०२.०९ | १९६४२.२९ | ३४०.२० | ५८.८७ घमि | २००२७.५७ |
| ४. | 12.5 mm cement & sand plaster (1:4) | ३८५.२९ | ३८८.१९ | २.९० | ८९८.४८ बमि | २६०५.५९ |
| ५. | 12.5 mm cement & sand plaster (1:3) | ३९९.८९ | ४०३.२७ | ३.३८ | २८०.६९ बमि | ९४८.७३ |
| ६. | 38mm thick pcc (1:2:4) | ७११.०२ | ७५३.२५ | ४२.२३ | १४५.७३ बमि | ६१५४.१७ |
| ७. | 38mm thick DPC pcc(1:2:4) | ७११.०२ | ७८७.३४ | ७६.३२ | १७१.८८ बमि | १३११७.८८ |
| | **जम्मा** | | | | | ८३४८९।१३ |

| दफा नं | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४८. | **वील भरपाईः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने ब्यवस्था छ । निम्न योजनाको कार्यसम्पन्न प्रतिवेदनमा ग्याविन जालि खरिद र भर्ने कार्यको मुल्याङ्कन गरीएकोमा उपभोक्ता समितिले जाली खरिद गरेको विल पेश गरेको पाइएन । खरिद विल विना मुल्याङ्कन गरी भुक्तानी भएको रकम सम्वन्धित उपभोक्ता समितिसँग असुल गर्नुपर्ने रु | ६९५५८९ |

| भौ.न मिति | योजनाको नाम | लागत अनुमान | कामको विवरण | परीमाण | मुल्याङ्कन रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ११८।०७६।११।२४ र १७८।०७७।२।१९ | सिम्वासे वडा कार्यालय सडक स्तरोन्नती | २१६३९०८ | जालि खरिद तथा भर्ने काम | २१ थान | ११५९८१ | विल पेश नभएको |
| २५३।०७७।३।१७ | कुथामे धुनसा सडक | ५८४८७० | जालि खरिद तथा भर्ने काम | १४१ घमि | ५७९६०८ | विल पेश नभएको |
| **जम्मा** | | | | | **६९५५८९** | |

| दफा नं | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४९. | **खरिद विलः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने ब्यवस्था छ। निम्न योजनाहरुको उपभोक्ता समिति मार्फत निर्माणकार्य गराएकोमा कार्य सम्पन्न प्रतिवेदनमा प्रयोग भएका पिसिसि, आरसिसि, मेशिनरी वाल लगायतका आईटमको कामको परिमाण अनुसार प्रयोग भएको सिमेन्ट र पाइपको परिमाण भन्दा उपभोक्ता समितिले खरिद गरेको विल कम पेश भएको पाइयो । कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख भएको परिमाण भन्दा खरिद विल कम भएको निम्नानुसार रकम सम्वन्धित उपभोक्तासमिति सँग असुल गर्नुपर्ने रु.. | ४६६६६३ |

| भौ.मिति | उ.स | ल.ई | कार्यसम्पन्न | दर बवश्लेषण अनुसार क.स मा उल्लेख परीमाण | कार्य | उ.स को विल पेश | कम | जिल्ला दररेट अनुसार हुने रकम |
|---|---|---|---|---|---|---|---|---|
| ९५।०७६।११।७ | जुकेखोला खानेपानी | ३७६४१० | ३७६६९८ | २९ बोरा | १:४ स्टोन मेशिनरी<br>१:१.५:३ पिसिसि<br>१:४ पलास्टर | १५ बोरा सिमेन्ट | १४ बोरा | १४२३८ |
| १११।०७६।११।१५ | सिरानी टोल पानी गैरा खापा | १६४२१६ | १६४२१६ | ८ बोरा<br><br>९०० मिटर | १:४ स्टोन मेशिनरी<br>१:२:४ पिसिसि<br>२५ **mm 10 kg HDPE** | विल पेश नभएको | ८<br><br>९०० मी | ८१३६<br><br>५४४७७ |
| १३२।०७७।१।१९ | सैहदेवि थान जेम चेष्टे हाटडाँडा पाटीटार सडक | २१४५६६१ | २१४६००६ | ११९ बोरा | १:४ढुङ्गाको गारो<br>१:२:४ पिसिसि | ६६ बोरा | ५३ | ५३९०१ |
| १५७।०७७।२।७ | डोलफिन्जु थारकाटी पाटाखोला बोहाले ग्याम्वे सडक पुल | १४२३४७१ | १३७५४४५ | ११८ | १:३:६ पिसिसि<br>१:४स्टोन मेशिनरी<br>१:१.५:३ पिपिसि | ९५ | २३ | २३३९१ |
| १६२।०७७।२।८ | स्टोन पार्क शिव मुर्ति निरम्ण | ५३४६५४ | ५४०१६३ | १२८ | १:४ स्टोन मेशीनरी<br>१:३:६ पिसिसि<br>१:१.५:३ पिपिसि | १०० | २८ | २८४७६ |
| १६४।०७७।२।८ | हल्लो सिक्री हाटडाँडा सिढी निर्माण | ५३३७६८ | ५३४१५७ | १८१ बोरा | १:२:४ पिसिसि | १४४ बोरा | ३७ बोरा | ३७६२९ |
| १९०।०७७।२।२६ | क्वलटार सर्वखासा सडक | २१७०३७३ | २१७२४३७ | ३६ बोरा | १:४ स्टोन मेशीनरी | ९ बोरा | २७ | २७४५९ |
| २४०।०७७।३।१२ | पटासे क्याङ्से पोखरी सडक स्तरोन्नती तथा पदमार्ग विश्राम स्थान निर्माण | २६९५४५९ | २६९५३४० | ९९६.६ केजि | एम एस ब्ल्यक पाइप | - | १६९।७० को जिल्ला दर रेट अनुसारको | १६९१२३ |
| २४५।०७७।३।१८ | ठुलोपातल आहाल डाँडा पोखरी संरक्षओ | ५६२७४५ | ५००००० | १२४ बोरा | १:४स्टोन मेशिनरी | ७५ बोरा | ४९ बोरा | ४९८३३ |
| | **जम्मा** | | | | | | | ४६६६६३ |

| | | |
|---|---|---|
| | **ठेक्का ब्यवस्थापनः** | |

| दफा नं | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| **५०.** | **जमानतको म्याद**ः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०(४) मा खरिद संझौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक उपनियम (१) बमोजीम कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो संझौतामा उल्लिखित मालसामान आपुर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तीम अवधि वा प्रत्याभुती (वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधी भन्दा कम्तिमा एक महिना बढी अवधीको हुनुपर्ने उल्लेख छ । कार्यालयले यस आ.ब.०७६।०७७ मा ठेक्का संझौता गरेका निम्नानुसार निर्माण कार्यको संझौतामा उल्लीखित कार्य सम्पन्न गर्नुपर्ने अवधिलाई थप गरि योजना म्याद थप गरेकोमा संझौता गर्दा निर्माण व्यवसायीले पेश गरेको कार्य सम्पादन जमानतको अवधि पनि थप गरी नियमावलीले व्यवस्था गरेको अवधि अर्थात थप १३ महिनाको कायम गर्नुपर्नेमा जमानतको अवधि १३ महिना सम्मको थप गरेको पाइएन ।योजनाको म्याद थप पश्चातको १३ महिना अवधि सम्मको अवधि कायम गरि निम्नानुसार कार्य सम्पादन जमानतको म्याद थप हुनुपर्दछ ।म्याद थप अवधि सम्म निर्माण कार्य सम्पन्न गराउने तर्फ पहल गरीनु पर्दछ । | |

| निर्माणकार्यको नाम | निर्माण ब्यवसायि | संम्झौता रकम | संम्झौता मिति | थप समेत योजनाको म्याद | कार्यसम्प्न जमानत रकम | जमानतको म्याद | कायम हुनुपर्ने जमानतको म्याद |
|---|---|---|---|---|---|---|---|
| हाटडाडा त्रिशुले सिक्री बजेनि सडक | **PS-GHSC-JV** | ३४१४७८३५।७९ | ०७७।२।२५ | ०७८।३।१५ | ९३१६००० | ०७९।२।२० | ०८०।४।१५ |
| खावा राम्वोले सडक | **JB Construction** | ९२६५६६५।५५ | ०७६।११।४ | ०७७।९।२९ | ४२५८५०० | ०७८।८।३० | ०७८।१०।२९ |
| रातमाटे पटासे सडक | **JB Construction** | ९१२८९३५।९७ | ०७६।११।४ | ०७७।९।२९ | ४२२६३०० | ०७८।८।३० | ०७८।१०।२९ |

| दफा नं | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| **५१.** | **लहरेमाने चिपचिपे सडक**ः लागत अनुमान १८४८३२४१ रहेको लहरेमाने चिपचिपे सडक जिरी ९ को निर्माण कार्यको लागि गत आव ०७५।७६ मा नै वोलपत्र आब्हान भई निर्माण ब्यवसायि देवि रमण गुम्वेसी जेभि सँग कबोल अंक ८२६४३८७।२१ अर्थात ५५.२८ प्रतिशत घटीमा मिति ०७६।२।२५ मा संम्झौता गरीएकोमा निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधि ०७६।८।३० कायम गरिएको निर्माण कार्य सम्पन्न हुन नसिक ०७६।११।३० सम्म म्याद गप गरीएको छ भने निर्मण ब्यवसायिलाई रु५७९९१०३ भुक्तानी भएको छ । यस्मा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छनः | |
| ५१.१. | **कार्य सम्पादन जमानत जफत**ः सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(७) मा सार्वजनिक निकायसँग खरिद संम्झौता गर्नेले संम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी विचैमा छाडेमा वा संम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो संम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र संम्झौता अन्त्य भएपछी सो काम बापत राखिएको पुरै जमानत जफत गरि बाँकी रहेको निर्माण कार्यको लागि लाग्ने रकम सम्वन्धित वोलपत्रदातावाट असुलउपर गराई सम्पन्न गर्नुपर्ने उल्लेख छ ।निर्माण कार्य संम्झौता हुँदा कबोल अंक ८२६४३८७।२१ रहेको तर निर्माण ब्यवसायिले ०७७।३।२९ सम्म भुक्तानी हुदा रु५७९९१०३ को मात्र कार्य गरी निर्माण ब्यवसायि सम्पर्कमा नरहि निर्माण कार्य अधुरो रहेको छ । निमयावलिको ब्यवस्था अनुरुप म्याद थप समेत गरी निजले संम्झौता गर्दा पेश गरेको कार्य सम्पादन जमानत रु४१३६४३४ जफत गरी बाँकी रहेको निर्माण कार्य पनि क्षतिपुर्ति भराई सम्पन्न गर्नुपर्ने रु | ४१३६४३४ |
| ५१.२. | **लागत अनुमान** १८४८३२४२ रहेको निर्माण कार्यको कबोल अंक ८२६४३८७।२१ रहेको छ । लागतअनुमान तुलनामा कबोल अंक ५५.२८ प्रतिशतले घटी छ । यति धेरै प्रतिशत घटेर | |

| दफा नं | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ठेक्का लगाएको अवस्थामा निर्माण कार्य सम्पन्न हुन नसक्ने कुरालाई ध्यानमा राखी नगरापालिकाले जाखिम न्युनिकरणको उपाय अवलम्वन गरेको पाइएन । कार्यालयले सार्वजनिक खरिद नियमावलिमा भएको ब्यवस्था बमोजिम प्राविधिक अध्ययन सहितको थप कार्य सम्पादन जमानत पेश गर्न लगाउने तर्फ पहल गर्नु जरुरी देखिन्छ । | |
| **५२.** | **कन्टिन्जेन्सी खर्चः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १० सँग सम्वन्धित अनुसूची १ मा निर्माण कार्यको लागतमा २ प्रतिशत वर्क चार्ज स्टाफ खर्च र २ प्रतिशत सानातिना अन्य खर्च समेत कन्टिन्जेन्सी स्वरुप ४ प्रतिशत समावेश गर्न सकिने व्यवस्था छ । नगरपालिकाबाट गरिने सार्वजनिक निर्माणमा ३ प्रतिशत कन्टेन्जेन्सी खर्च कटाई भुक्तानी गरेको छ ।कुल कन्टीजेन्सी रकम रु ३५१८१८२ मध्ये रु २३२४७४० खर्च गरी बाकी रु ११९०४४२ आन्तरिक आम्दानीमा दाखिला गरेको पाइयो । कन्टिन्जेन्सी खर्चको अभिलेख व्यवस्थित गरी योजनागत रुपमा नापी किताबमा समेत चढाउनुपर्दछ । | |
| **५३.** | **डी.पी.आर खर्च** – बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** | **अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत** |
|---|---|---|---|---|
| जिरीताल निर्माण को डी.पी.आर | **Grid/IDC/EMI JV** | १५५००००० | १२०१०८२० | २४९३४१००६५।७० |
| जिरी कम्पलेक्स | मुनलाइट सिभिल सोलुसन प्रालि। | १६७२८६५ | १६६६७५० | १०८३७१३४।२३ |
| जम्माः | | | | |

| | | |
|---|---|---|
| ५३.१. | यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु जिरी कम्पलेक्स कार्यान्वयन हाल शुरु भएको छ ।<br>उल्लिखित डी.पी.आर प्रतिवेदनहरु नगरपालिकाले जिन्सी आम्दानी बाँधी सम्पत्ति व्यवस्थापन गरेको पाइएन । | |
| **५४.** | **जिरी ताल डिपिआरः** जिरी ताल डिटेल प्रोजेक्ट रिपोर्ट तयार गर्ने कामको लागि रु१३२०९०९४।७८ को लागत अनुमान तयार गरि मिति ०७५।१०।१८ मा आशय पत्र माग गर्ने सुचना प्रकाशन गरिएकोमा Expression of Interest को सुचना जारी गर्दा १३ वटा सुचिकृत प्रस्ताव दाताको प्रस्ताव पेश भएकोमा शाखा अधिकृत नन्देश्वर डंगोलको संयोजक्त्वमा गठित ४ सदस्यिय मुल्याङ्कन समितिले ६ वटा क्राइटएरिया निर्धारण गरी उतिर्णाङ्क ६० राखि मुल्याङ्कन गरेकोमा ८१ देखि १०० सम्म अंकको भित्र अंक ल्याउने ६ वटा परामर्शदातालाई ०७५।११।१३ मा Request for proposal को लागि जानकारी गराइएकोमा ५ वटा प्राविधक तथा आर्थिक प्रस्ताव पेश भई सो को मुल्याङ्कन गरीएकोमा प्राविधिक प्रस्तावमा ९८ अंक र आर्थिक प्रस्तावमा १३.६३ अंक समेत सवैभन्दा बढी कुल अंक ९२.०३ ल्याउने GRID-IDC-EMI JV नयाँबानेश्वरलाई छनौट गरी निजसँग मिति २०७६।४।१ मा ८ महिना भित्र कार्य | |

| दफा नं | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सम्पन्न गर्नेगरी रु१०६२९०४५ मुअकर बाहेक मा संम्झौता भए अनुरुप बर्षातको कारण समय लम्बिन गएको भनि परामशर्शदाताले ०७६।११।७ मा दिएको निवेदन अनुसार ०७६।११।२८ को निर्णयले ०७७।३।३१ सम्म समय थप गरीएको पाइयो । परामर्शदाताले ००५।०७७।२।३२ को कर विजक तथा अन्तिम प्रतिवेदन पेश गरी २९२।०७७।३।२६ मा समेत गरी मुअकर समेत रु१२०१०८२० भुक्तानी लिएको छ । यस्मा देखिएका ब्यहोरा निम्नानुसार छन । | |
| ५४.१. | परामर्श सेवा खरिद कार्यको मुल्याङ्कनमा सहभागि रहेका समितिका चारै जना सदस्हरुवाट परामर्शदातालाई प्रदान गरेको अंक एउटै रहेको छ । सवैले सवैलाई बराबर अंक दिएको कारण पनि छनौट प्रक्रिया गुणस्तरीय र पारदर्शि भएको छ भन्ने अवस्था रहेको छैन । | |
| ५४.२. | जिरी नगरपालिकाले जिरी तालको डिपीआर तयार गर्ने प्रयोजनको लागि रु १,३२,०९,०८४।७८ को लागत अनुमान तयार गर्दा स्ट्रक्चरल ईन्जिनियर, सिभिल ईन्जिनियर, बाताबरण ईन्जिनियर, ईकोमिस्ट, टुरिजम एक्पर्ट, अरबन प्लानर्स, सपोर्ट स्टाफ लगायतको लागि ४ देखि ८ महिना ब्यबस्था गरेको छ । उक्त बिज्ञ बिशेषज्ञ सो अबधि आवश्यक पर्ने आधार देखिदैन । साथै लागत अनुमान तयार गर्न नेपाल सरकारले तोकेको सरकारी ईन्जिनियरको पारिश्रमिक दरमा ४० प्रतिशत सोसियल कस्ट बापत पेन्सन र बिदा लगायतको लागि थप गर्ने र ६० प्रतिशत ओभरहेडबापत परामर्शदाताका बिशेषज्ञको भाडा, कार्यालय सामाग्री, यातयात खर्च, संचार खर्च, प्रशासनिक कर्मचारी र सेक्रेटरीयट प्रयोजनको खर्च तथ्याङ्क बिश्लेषण र प्रपोजल तयारी खर्चको लागि थप गरी कुल १०० प्रतिशत थप गरेर पारिश्रमिकको दर निर्धारण गरेको पाईयो । लागत अनुमान तयार गर्दा एडिबीको गाईडलाईन प्रयोग गरेको देखिन्छ । सार्बजनिक खरिद नियमाबली को नियम ९(२) बमोजिम परामर्शदाताको लागत अनुमान तयार गर्दा यथार्थ खर्चमा ५ प्रतिशत ओभरहेड थप गर्ने ब्यबस्था रहेको छ र दातृ निकायको बजेट खर्च नहुने योजनामा दातृ निकायको गाईडलाईन प्रयोग गर्न मिल्ने समेत देखिएन ।<br>सोसियल कस्टको सन्दर्भमा हालको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ ले ३३ प्रतिशतसम्म सामाजिक सुरक्षा प्रयोजनको लागि योगदान हुने मान्यता राखेकोले सोसल सेक्युरिटी बापत सो बराबरको थप गर्न मिल्ने देखिएपनि ४० प्रतिशत थप गर्न मिल्ने देखिदैन । साथै परामर्शदाताको लागि प्रशासनिक कर्मचारी, स्टेशनरी, सबारी साधन, अन्य उपकरण, दैनिक भ्रमण भत्ता, कार्यालय ब्यबस्थापन लगायतका खर्चहरु बेग्लै ब्यबस्था गरेको र प्रतिबेदन तयारीको लागि बेग्लै कर्मचारीहरुको ब्यबस्था गरिएको हुँदा ६० प्रतिशत ओभरहेडबापत पारिश्रमिकमा थप्न मिल्ने देखिदैन । सार्बजनिक खरिद नियमाबली बमोजिम ५ प्रतिशतसम्म थप्न मिल्ने भएकाले सोसल सेक्यूरिटि बापत ३३ र ओभरहेड ५ प्रतिशत समेत कुल ३८ प्रतिशतमात्र थप्न मिल्नेमा १०० प्रतिशत थपिएकोले ६२ प्रतिशत बढि थप गरी रु १,३२,०९,०८४।७८ मा रु ८१८९६३२।५६ बढि लागत अनुमान उल्लेख गरेर नगरपालिकालाई बढि दायित्व पारेको र सो काम रु ०७६।४।१ मा सम्झौता गरी रु१२०१०८२० भुक्तानी दिएकोले पालिकालाई खुद अनाबश्यक दायित्व पारेको सम्बन्धमा छानबीन हुनुपर्ने रु ... | ७४४६७०८ |
| **५५.** | **कोल्डस्टोर निर्माणः** आव ०७५।७६ को स्विकृत कार्यक्रम बमोजिम नगरपालिका अन्तर्गत वडा नं ५ मा निर्माणाधिन ५०० मेट्रिकटन क्षमताको कोल्डस्टोर निर्माण कार्यको लागि ५३७१६४५४ लागत अनुमान मध्ये भुमि ब्यवस्था कृषि तथा सहकारी म्नत्रालय बागम तिप्रदेशको ७० प्रतिशतले हुने रु ३७६०१५१७ र बाकी ३० प्रतिशतले हुने रकम रु १६११४९३७ जिरी कृषि सहकारी | |

| दफा नं | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | संस्था को साझेदारीमा वोलपत्र स्विकृत भई सम्झौता भई निर्माण कार्य अघि बढीरहेकोमा जिरी कृषि सहकारी संस्था लिमिटेडबाट सो को दायित्व तथा स्वामित्व ग्रहण गर्न अनुरोध भई आएको र मन्त्रालयवाट सहकारी संस्थाले ब्योहोर्ने रकम उपलब्ध गराइदिनुहुन भनि ब्यहोराको पत्रको आधारमा भौ नं २३३।०७७।३।११ मा रु१ करोड मन्त्रालयमा उपलब्ध गराइएको छ ।सो अनुसारको निर्माण कार्यको प्रगति विवरण पेश भएको छैन । निर्माण कार्यमा भए गरेका खर्चका विल भर्पाई सहित प्रगति विवरण पेश हुनुपर्ने रु | १००००००० |
| | **खरिद** | |
| **५६.** | **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु. ४१६०४३० का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः | |

| **खर्च शीर्षक** | **भौ.नं/मिती** | **भुक्तानी पाउने** | **खरीद** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| प्रकोप | २र०७६।१२।२८ | मानन्धर सप्लयार्स, चरिकोट | औषधी तथा स्वा। सामाग्री | २२४८९ |
| | ३र०७७।१।१८ | मानन्धर सप्लयार्स, चरिकोट | | ९८५८९ |
| | ३र०७७।१।१८ | अतिथी फर्मा एण्ड ट्रेड प्रा।लि। काठमाण्डौ | | ९१७०९ |
| | ५र०७७।१।२६ | योञ्जन सुपरमार्केटिङ्ग अर्डर सप्लायर्स, चरिकोट | | २०००० |
| | ६र०७७।१।३० | सर्जि एण्ड कन्सर्न त्रिपुरेश्वर | | २३६१७ |
| | १०र०७७।२।२ | मानन्धर सप्लयार्स, चरिकोट | | १०१०६० |
| | १२र०७७।२।६ | योञ्जन सुपरमार्केटिङ्ग अर्डर सप्लायर्स, चरिकोट | | ३९७१० |
| | १३र०७७।२।१८ | मानन्धर सप्लयार्स, चरिकोट | | १२४३०० |
| | १९र०७७।२।२९ | मानन्धर सप्लयार्स, चरिकोट | | १०१७०० |
| | २६र०७७।२।३२ | निरिजामा मेडिको सप्लायर्स | | ५८३०५ |
| | ३६र०७७।३।१७ | मानन्धर सप्लयार्स, चरिकोट | | ६८७०४ |
| नगरपालिका चालु | ५६४।०७७।३।११ | निरिजामा मेडिको सप्लायर्स | | २८८०० |
| | ३२७।०७६।११।२३ | अतिथि फर्मा एण्ड ट्रेड | | ३६१६० |
| | ३०५।०७६।११।१४ | फिफ मेडिसिन सप्लायर्स | | ४९९९६० |
| | १३४।०७६।८।१५ | निरिजामा मेडिको सप्लायर्स | | ५९०४३३ |
| | ४४।०७६।६।७ | निरिजामा मेडिको सप्लायर्स | | ५९६१३९ |
| | ३र०७६।५।१३ | मानन्धर मार्केटिङ एण्ड अर्डर सप्लायर्स | | ३४४९९ |
| संघीय सशर्त चालु | ३७र०७६।१०।३० | निरिजामा मेडिको सप्लायर्स | | ४६६८८० |
| | १२१र०७७।२।३२ | निरिजामा मेडिको सप्लायर्स | | ३९६१४० |
| | १९३।०७७।३।२६ | निरिजामा मेडिको सप्लायर्स | | १८४७२० |
| | ८६।०७७।१।८ | निरिजामा मेडिको सप्लायर्स | | २६६०१७ |

| दफा नं | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | जम्मा ४१६०४३० | |
| ५६.१. | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, | |
| ५६.२. | आपूर्ति हुने औषधि सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, | |
| ५६.३. | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ५६.४. | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, मूल्य नखुलेको । | |
| ५६.५. | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । | |
| | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| **५७.** | **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु. | ३०४२२५७ |

| **गो.भौ.नं.** | **विवरण** | **सप्लायर्स** | **रकम** |
|---|---|---|---|
| १२।०७६।५।२६ | सोफासेट, टिटेवल | बोलिम इन्टरप्राइजेज डिल्लिबजार | ६४५०० |
| १५।०७६।५।२७ | विभिन्न फर्निचर | चिरञ्जिवि समिल तथा फर्निचर उद्योग | २०१४७९ |
| १७।०७६।६।१ | फर्निचर कम्पुटर लगायत | जिरेश्वरी इन्टरनेशनल चागु भक्तपुर | ४४०७०० |
| ९३।०७६।१०।२९ | फर्निचर | जिरेश्वरी इन्टरनेशन न्युरोड | २११८७५ |
| १८।०७६।६।१ | टोनर खरिद | यनिसा जनरल स्टोर्स न्युरोड | ९६००४ |
| १९।०७६।६।१३ | ल्यापटप | प्रभात कम्प्युटर सोलुसन कमलादि | ९९४४० |
| ४५।०७६।८।१८ | डेस्कटप कम्प्युटर | जिरेश्वरी इन्टरनेशन न्युरोड | ९५४८५ |
| ६४।०७६।९।२० | कम्प्युटर प्रिन्टर | ललित ट्रेडिङ कम्पनी न्युरोड | २५७६४० |
| ९४।०७६।१०।२९ | ल्यापटप | ललित ट्रेडिङ कम्पनी न्युरोड | १२४३०० |
| १००।०७६।११।७ | डेस्कटप कम्प्युटर | न्यु सुप्रिम सप्लायर्स नयाँबानेश्वर | १३५६०० |
| ११६।०७६।११।२३ | मेशिनमेड जालि १३१ थान | एस एस आर वि अर्डर एण्ड सप्लायर्स भिनपा १० | ४९६९१४ |
| १९५।०७७।२।२७ | मेशिनमेड जालि ७७ थान | मान्नधर मार्केटीङ अर्डर एण्ढ सप्लायर्स चरीको६ | २६४४९४ |
| २२४।०७७।३।८ | ह्युम पाइप १७ थान | दोलखा ह्युम पाइप उद्योग मेलुङ | ५५३९२६ |
| २२ | **जम्मा** | | **३०४२२५७** |

| दफा नं | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५८. | **सफ्वेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.१४६९०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन ।चालु आ.ब. देखि प्रयोगमा रहेका यस्ता सफ्वेयर विभागबाट स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । | |

| क.स. | विवरण | रकम |
|---|---|---|
| १ | सुचना प्रणाली सफ्टवेयर | १४६९०० |
| | **जम्मा** | **१४६९००** |

| दफा नं | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५९. | **सवारीसाधन खरिद** -अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ८ थान दुई पांग्रे सवारि साधन कोटेशनबाट खरिद गरी रु. २२४५००० खर्च गरेको छ । | |
| ६०. | **प्रधानमन्त्री रोजगार कार्यक्रमः** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन एवं सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरीकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका ३ वडाहरुमा नालामर्मत, बाटो सुधार कार्य लगायत निर्माण कार्य संचालन गरी यस वर्ष १६३ जनालाइ रोजगारी उपलब्ध गराइ रु ३४३२४५७ खर्च गरेको छ । लक्षित वर्गलाई १ दिन देखि २५ दिनसम्म रोजगारी उपलब्ध गराइ श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत लेखेको पाइयो । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भएतापनि कामको दिगोपना तथा दीर्घकालिन रोजगारी सृजना भएको देखिदैन । | |
| | **संघीय सशर्त चालु** | |
| ६१. | **शहिद स्मृति विद्यालयलाइ अनुदानः** नगरपालिकाबाट उपलब्ध गराइएको अनुदानको अनुगमन गर्नुपर्दछ । नगरपालिकाबाट यस वर्ष शहिद स्मृति विद्यालयलाइ बजेट व्यवस्था भएको रकम रु २०१९०००० संचालन अनुदान निकासा गरी खर्च लेखेको पाइयो । नगरपालिकाबाट यस्तो अनुदान रकमको अनुदान कार्यविधी तयार गरेको पाइएन । उक्त अनुदानको अनुगमन गरी प्रतिवेदन संल्गन गरेको पाइएन । यस्तो प्रकारको अनुदान गत विगत वर्ष देखिनै उपलब्ध गराउदै आएकोमा सोको अभिलेख व्यवस्थित गरी दोहोरोपना नहुने गरी प्रभावकारी अनुगमन र अनुदानको सदुपयोग हुनुपर्दछ । | |
| ६२. | **बालमैत्रि नगरः** वालमैत्री नगर घोषणा कार्यक्रममा बालमैत्री राष्ट्रिय सहजकर्ता विष्णु प्रसाद चौवेसँगको सम्झौताको बुदा नं २ मा पालिकाको स्थिति पत्र निर्माण, रणनितिक योजना निर्माण घोषणा पूर्व तयारी कार्य, वडागत प्रतिवेदन, पालिका प्रतिवेदन, जिसस अनुगमन, प्रदेश अनुगमन निवेदन, बाल संरक्षण कार्ययोजना, वालकोष संचालन कार्यविधि तथा कागजात ब्यवस्थापन जस्ता विभिन्न क्रियाकलाप पश्चात कर कट्टी समेत प्रतिदिन रु१२००० को दरले उपलब्ध गराउने गरी | |

| दफा नं | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सम्झौता भएको देखिन्छ । तर दोस्रो पक्षले संम्झौता बमोजिमको क्रियाकलप सम्पन्न नगर्दा नै कार्यालयवाट २ पटक गरी जम्मा रु ७२००० भुक्तानी गरेको नियमसम्मत नभएको रु | ७२००० |
| ६२.१. | भौ न ३६१।०७६।१२।१०र ४२०।०७६।२।२ मा क्रमश कुमार जिरेल र शान्ति बहादुर कार्किको पेश्की फछ्यौट गर्दा सहजकर्ता विष्णु प्रसाद चौवेलाई सम्झौतामा उल्लेख भए भन्दा बेगरको कार्यक्रम संचालन अवधिको ६ दिनको अतिरीक्त दैनिक भ्रमण र यातायत खर्च गरी रु८२०० भुक्तानी भएको सम्वन्धित सँग असुल गरि संचित कोषमा दाखिला गर्नुपर्ने रु | ८२०० |
| **६३.** | **सामाजिक सुरक्षातर्फ** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी पालिकाले रु ४६०५८४०० खर्च लेखेको पाइयो । नमूना छनोटको आधारमा वडा नं १ र ५ को परीक्षण गर्दा निम्नानुसार देखिएको छ । | |
| ६३.१. | **नाम नबिकरणः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा ७ (१) बमोजिम नाम नविकरण नगरि विगत वर्षहरुमा भत्ता पाइ राखेकाहरुको नामावलीलाई नै नविकरण मानी भत्ता वितरण गर्ने गरेको देखिन्छ । पालिकाले लाभग्राहीहरुको नामावली कार्यविधीमा उल्लेखित भए बमोजिम नविकरण गराउनुपर्ने देखिन्छ । | |
| ६३.२. | **बैंक मार्फत भत्ता वितरणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७२ को दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्बन्धित लाभग्राहीहरुको नाममा बैंक खाता मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले अधिकाशं लाभग्राहीहरुलाइ बैंक खाता मार्फत र आंशिक लाभग्राहीहरुलाइ नगदै भुक्तानी गरेकोले निर्देशिकाले तोकेबमोजिम गरी सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण/खर्च लेख्नुपर्दछ । | |
| | **विपद् व्यवस्थापन** | |
| **६४.** | **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको १६ जनाको समिती गठन भई २ वटा बैठक बसेको पाइयो। ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| **६५.** | **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा पालिकाकले कार्यक्रम सहितको कार्ययोजना तयार गरी लागु गर्नुपर्नेमा सो गरेको पाइएन। पालिकाले ऐन तथा नियमावलीको पालना गर्नु/गराउनुपर्दछ । | |
| **६६.** | **कोष —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु. ३९७९८१७।५४ आम्दानी भई रु. १६६४२१७ खर्च गरी बाँकी रु. २३१५६०० देखिन्छ । पालिकाले नियममा | |

| दफा नं | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तोकिए बमोजिम नियम बनाएको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ । | |
| ६७. | **प्रतिवेदन** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ बमोजिम पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| | **कोभिड १९ सम्बन्धमा** | |
| ६८. | कोभिड १९ विशेष लेखापरीक्षणसंग सम्बन्धित नगरपालिका बाट प्राप्त विवरण र सोको परीक्षण अनुसार २०७७ असार मसान्त सम्म रु ३९७९८१७ प्राप्त भएकोमा रु १६६४२१७ खर्च भइ रु २३१५६०० बाकी देखिएको छ । २०७७ असोज मसान्तसम्म थप आम्दानी तथा खर्च भएको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन । | |

| बजेट/आम्दानीको स्रोत | २०७७ असार मसान्त सम्म प्राप्त रकम | २०७७ आश्विन मसान्तसम्म प्राप्त रकम | खर्च शीर्षक | २०७७ असार मसान्तसम्म खर्च रकम | २०७७ आश्विन मसान्त सम्म खर्च रकम (कुल) |
|---|---|---|---|---|---|
| संघीय संचित कोष | ० | आ.व २०७७/०७८ मा मौज्दात वाहेक कुनै पनि स्रोत/ शिर्षकबाट रकम प्राप्त नभएको | एम्बुलेन्स खर्च | २५००० | २५००० |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | २२५०००० | | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | ३४७२४६।७९ | ३७९४५६।७९ |
| संघीय कोभिड कोषबाट | ० | | आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन | १९४९६४ | १९४९६४ |
| प्रदेश कोभिड कोषबाट | १२००००० | | जनशक्ति परिचालन | | ३५५०० |
| अन्य स्रोतबाट प्राप्त | ५२९८१७।५४ | | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | ८३१७०१ | ८९०३०१ |
| | | | स्वास्थ्य पूर्वाधार निर्माण | | |
| | | | अन्य शीर्षकमा भएको खर्च | २६५३०५ | ५८८२७१।३८ |
| | | | बाँकी | २३१५६००।७५ | १८६६३२४।३७ |
| **जम्मा** | **३९७९८१७।५४** | | **जम्मा** | **३९७९८१७।५४** | **३९७९८१७।५४** |

| दफा नं | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६८.१. | १ नगरपालिकाले महामारी फैलन सक्ने अवस्थालाइ मध्यनजर राख्दै जनचेतना तथा प्रचारप्रसार सम्बन्धी कार्यमा रु ६५३०५ खर्च लेखेको पाइयो ।<br>२ नगर कार्यपालिकाको मिती २०७६।१२।९ को निर्णयअनुसार प्रत्येक वडालाइ रु २० हजारका दरले रु १८०००० खर्च गर्ने अख्तियारी प्रदान गरेकोमा हेन्ड स्यानिटाइजर, माक्स, साबुन खरिद लगायतका कार्यमा खर्च गरेको पाइयो ।<br>३ कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तह संयुक्त कोषबाट संचालित प्रा. स्वा. केन्द्र चरिकोटलाई रु २ लाख अनुदान उपलब्ध गराएकोमा सोको बिलभरपाइ केन्द्रमा नै रहेको पाइयो । कार्यविधी मार्फत संचालित उक्त कोषमा २०७७ असार मसान्त सम्म अनुदान सहयोग रकम खर्च भएको देखिएन । | |

<table>
<tr><th>दफा नं</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>४ नगर कार्यपालिकाको निर्णयअनुसार ४ जना स्वास्थ्यकर्मी र २ सुरक्षाकर्मी र १७ जना प्रशासनिक कर्मचारी समेत २३ जनालाइ रु ४९२०६५ जोखिम भत्ता ५०% र २५% उपलब्ध गराएको पाइयो । उक्त खर्च नगरपालिका चालु शीर्षकबाट भएको पाइयो । १७ जना कर्मचारीहरुलाई रु ३८९५४३ जोखिम भत्ता उपलब्ध गराएको देखियो ।<br>५ नगरपालिकाबाट ३ सदस्यीय केस इन्भेष्टिगेसन तथा कन्ट्रयाक्ट ट्रेसिङ्ग टोली गठन भइ खोज पडतालबाट परीक्षण भएका संक्रमित संख्या ४ जना रहेको विवरणबाट देखिएको छ ।<br>६ पालिका अन्तर्गत विभिन्न ३ स्थानमा ३३ वेड संख्याको क्वारेन्टाइन सेन्टर स्थापना भएकोमा ४३ जना क्वारेन्टाइनमा बसेको पाइयो । उक्त क्वारेन्टाइन होल्डिङ सेन्टर निर्माणमा रु ३४७२४६ र ४ आइसोलेसन केन्द्र निर्माण तथा व्यवस्थापनमा रु ८३१७०१ खर्च लेखेको पाइयो । आइसोलेसनमा बसेको कुल संख्या २ जना रहेको विवरणबाट देखिएको छ ।<br>७ कोभिड १९ व्यवस्थापनका लागि रु ८३१७०१ को माक्स, ग्लोभ्स ,किट लगायतका औषधी तथा औषधीजन्य सामाग्रीहरु सोझै खरिद गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>६९.</td><td>जग्गा प्राप्तीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ बमोजिम स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण निजि जग्गा प्राप्ति गर्ने व्यवस्था छ । नगरपालिकाले वडा नं ८ को भवन निर्माणको लागि ८७५ वर्गमिटर जग्गा मिती २०७७।३।११ मा व्यक्तिबाट दानपत्र गरी लिखित पारित गरेको पाइयो ।</td><td></td></tr>
<tr><td>७०.</td><td>स्थानीय तथा प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम- स्थानीय तथा प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय तथा प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार ४ परियोजना सञ्चालन गर्न रु. ११८५२००० बजेट प्राप्त भएकोमा रु. ११७६३१९४ खर्च भएको देखिन्छ । पालिकाबाट उक्त योजनाको प्रगति विवरण पेश हुन नआएकोले भौतिक प्रगति यकिन गर्न सकिएन।<br>
<table>
<tr><th>आयोजनाको प्रकार</th><th>आयोजनाको संख्या</th><th>बजेट रकम</th><th>खर्च रकम</th><th>वित्तीय प्रगति प्रतिशत</th><th>भौतिक प्रगति प्रतिशत</th></tr>
<tr><td>स्थानीय पूर्वाधार विकास</td><td>१</td><td>४९३८०००</td><td>४८४९१९४</td><td>९८।२०</td><td>नखुलेको</td></tr>
<tr><td>प्रदेश पूर्वाधार विकास</td><td>३</td><td>६९१४०००</td><td>६९१४०००</td><td>१००</td><td>नखुलेको</td></tr>
</table></td><td></td></tr>
<tr><td>७०.१.</td><td>उल्लेखित ४ आयोजना मध्ये ४ वटै योजनाहरु उपभोक्ता समितिवाट गराएको देखिन्छ । उपभोक्ता समिति मार्फत संचालित योजनामा हेभि इक्युपमेन्ट प्रयोग गरेको, प्राविधिक पक्ष समेतको भएका जटील संरचना निर्माण गरेको, सम्पन्न योजनाहरुको मर्मत संम्भारको व्यवस्था नगरेको जस्ता कार्यहरु भएको देखिन्छ । जुन सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ विपरीत देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td>स्वास्थ्य तर्फ</td><td></td></tr>
<tr><td>७१.</td><td>औषधिको लोगो— नगरपालिकाले खरिद गरेका औषधिहरूमा “नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी” भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले खरिद गरेका र</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधिहरू मध्ये नमूना छनौट गरी परिक्षण गर्दा देहाय बमोजिमका औषधिहरूमा निम्नानुसार रहेको पाइयो ।</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>सि. न.</th><th>औषधिको नाम</th><th>म्याद समाप्त हुने मिति</th><th>निशुल्क वितरणको लोगो</th></tr>
<tr><td>१</td><td>paracetamol (500 mg)</td><td>April 2023 AD</td><td>free distribution only</td></tr>
<tr><td>२</td><td>Amoxycllun (500 mg)</td><td>Aug. 2022 AD</td><td>free distribution only</td></tr>
<tr><td>३</td><td>Ranitidine (150 mg)</td><td>Sep. 2022 AD</td><td>free distribution only</td></tr>
<tr><td>४</td><td>Cetrizine (10 mg)</td><td>Nov 2022 AD</td><td>नभएको</td></tr>
<tr><td>५</td><td>Metformin ( 500 mg)</td><td>June 2023 AD</td><td>नभएको</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७२.</td><td>म्याद समाप्त भएका औषधीः लेखापरिक्षणलाई प्राप्त विवरण अनुसार अ.ब. ०७६/०७७ मा साल बुटामोल ३५०० टयाब्लेट, एमोक्सीलिन ३४०० टयालब्लेट, जिन्क १२०० टयाब्लेट, सिप्रफ ५०० टयाब्ल्ट, पार सिटामोल ५०० टयाब्लेट लगायतका विभिन्न १० प्रकारको औषधीहरु १०६९० परिमाणका मुल्य नखुलेको खरिद तथा हस्तान्तरण भई अएका औषधिहरु म्याद भित्र वितरण नगरी अवधि समाप्त भएको पाइयो । म्याद भित्र औषाधि वितरण नगर्दा एकातर्फ लाभग्राही सेवावाट बन्चीत हुन जाने र अर्को तर्फ पालीकाको थप आर्थिक नोक्सानी ब्यहोर्नुपर्ने अवस्था देखिन्छ । अतः औषधिहरु म्यादभित्र वितरण गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७३.</td><td>नर्म्स एकरुपता नभएकोः कार्यक्रम संचालन गर्दा स्पष्ट नर्म्स मापदण्ड निर्धारण गर्नुपर्दछ ।पालिकाले स्वास्थ्य अन्तर्गतको कार्यक्रम संचालन गर्दा यातायात खर्चमा कुनैमा रु ३००।०० प्रतिदिन, केही कार्यक्रममा रु ७००।०० प्रतिदिन र केही कार्यक्रममा रु १०००।०० प्रतिदिनका दरले भुक्तानी गरेको दखिन्छ । कार्यक्रम संचालन तथा यातायात खर्च भुक्तानीको नर्म्स स्पष्ट रुपमा निर्धारण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७४.</td><td>बढी भुक्तानीः पालिकाले स्वास्थ्य तर्फका कर्मचारीहरुलाइ तलब भत्ता उपलब्ध गराउदा तलबी प्रतिवेदन पारित गराएर उपलब्ध गराउनुपर्दछ।पालिकाले श्री डा. प्रकाश ढुंगेललाइ महंगी भत्ता मासिक रु २००० भुक्तानी गर्नुपर्नेमा श्रावण र भदौमा मासिक रु ४००० गरी कुल रु ८००० महंगी भत्ता भुक्तानी गरेको पाइयो । यसरी बढी भुक्तानी भएको महंगी भत्ता रु ४००० र थप क.सं.कोष रकम रु ४०० गरी कुल रु ४४०० निजबाट असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु</td><td>४४००</td></tr>
<tr><td></td><td>शिक्षा तर्फ</td><td></td></tr>
<tr><td>७५.</td><td>बिद्यालयहरुको लेखापरीक्षणः नगरपालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्दछ । गाउँपालिकाले २९ विद्यालयहरुका लागि रु १०३३३८५४९।४० विनियोजन गरि निकासा खर्च गरेको छ।गाउँपालिकाले आ.व. २०७६।०७७ को अन्तिम लेखापरीक्षण अवधिसम्म लेखापरीक्षण गराएका विद्यालयको विवरण प्राप्त गरेको देखिएन । बिद्यालयहरुको लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी गाउँपालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७५.१.</td><td>शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था</td><td></td></tr>
</table>

| दफा नं | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या बाल - कक्षा १२ |
|---|---|---|---|---|---|
| १ | जिरी मावि | १९ | १९ | ७ | ६२३ |
| २ | गर्जाङढुङ्गा मावि | १५ | १४ | ६ | २७४ |
| ३ | ढुङगेश्वरी मावि | ११ | ११ | १ | २८४ |
| ४ | बौद्ध भुवनेश्वरी मावि | १२ | १२ | ७ | २९४ |
| ५ | ठुलोपातल मावि | ९ | ९ | ७ | १४३ |
| ६ | कालिका मावि | ८ | ८ | ७ | २४४ |
| ७ | कालिदेवी मावि | ७ | ७ | ५ | ८४ |
| ८ | देउराली आवि जिरी ८ | ४ | ४ | ० | ७८ |
| ९ | धनमाले आ. वि. | ५ | ५ | ३ | ८५ |
| १० | हलेश्वर आवि | ३ | ३ | १ | १८ |
| ११ | सेतीदेवी प्रावि श्यामा | ४ | ४ | ३ | ५८ |
| १२ | राबुटार प्रावि | १ | १ | ० | २३ |
| १३ | पाथिभरा प्रावि | ३ | ३ | २ | ३६ |
| १४ | पाँचपोखरी प्रावि | १ | १ | ० | १० |
| १५ | सेतीदेवी प्रावि जिरी ३ | २ | २ | २ | १८ |
| १६ | देउराली प्रावि,छाँगे | ३ | ३ | १ | ३६ |
| १७ | फुजीङ प्रावि | ३ | ३ | ० | ३५ |
| १८ | जिरीश्वरी प्रावि | ३ | ३ | ० | ३५ |
| १९ | चेर्दुङ प्रावि | २ | २ | ० | ३५ |
| २० | छहारे प्रावि | ३ | ३ | १ | ५१ |
| २१ | सेरल्पा प्रावि | ३ | ३ | १ | २५ |
| २२ | देउराली प्रावि,हिले | ३ | ३ | २ | ५५ |
| २३ | माथिल्लो सिक्रि प्रावि | ३ | ३ | १ | ५० |
| २४ | बज्युस्थान प्रावि | २ | २ | ० | १९ |
| २५ | ठुलाचौर प्रावि | ४ | ४ | १ | ५१ |
| २६ | कामेश्वर प्रावि | २ | २ | ० | ३३ |
| २७ | कुशेश्वर आवि | १ | १ | १ | ७ |
| २८ | सूर्योदय प्रावि | १ | १ | १ | २८ |
| २९ | सम्तयन क्षोस्लीङ्गगुम्वा प्रावि | १ | १ | १ | ४ |
| | जम्मा | १३८ | १३७ | ६१ | २७३६ |

| | | |
|---|---|---|
| ७५.२. | **विद्यालयको संख्याः** लेखापरीक्षणको लागि नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार गाउँपालिका अन्तगरगतका २९ विद्यालय मध्ये देहायका विद्यालयमा विद्यार्थी संख्या न्यून रहेको देखियो । यसरी विद्यार्थी संख्या २० जना भन्दा कम रहेका विद्यालयमा शिक्षक, कर्मचारी तलब | |

| दफा नं | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | र प्रशासनिक खर्च बापत आ.व. २०७६।०७७ मा देहाय बमोजिम रकम परिक्षा संचालनको अधारमा निकासा भएको छ ।न्यून विद्यार्थी संख्या रहेको विद्यालयलाई गाउँपालिकाले सुविस्थाका आधारमा विद्यालय संख्या गाभ्ने व्यवस्था गर्नुपर्दछ । | |

| विद्यालयको नाम | संचालित कक्षा | बिद्यार्थी | शिक्षक | बाल सहयोगी | कर्मचारी | निकासा रकम |
|---|---|---|---|---|---|---|
| पाचपोखरी प्रा.वि. | १-३ | ३ | १ | ० | १ | ६३४८३६ |
| कुलेश्वर आ.वि. | १-३ | ३ | १ | १ | १ | ५५५४१५ |
| सुर्योदय प्रा.वि. | १-३ | ३ | १ | १ | १ | ६१२००७ |
| सन्तयन गुम्बा प्रा.वि. | १-३ | ३ | १ | ० | ० | ४५१७९० |

| दफा नं | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | यस पालिकामा २९ विद्यालयहरु संचालन रहेकोमा १३८ शिक्षक दरबन्दीमा १३७ पदपूर्ति भएको र पदपूर्तिमध्ये ६१ शिक्षक करारमा रहेको देखियो । ति विद्यालयहरुमा ःक्ष्व अभिलेख अनुसार कुल विद्यार्थी संख्या २७३६ रहेको देखियो । | |
| ७५.३. | **अभिलेखः** नगरपालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्नेमा नगरपालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्दछ । | |
| ७५.४. | **फरक शीर्षक बाट भुक्तानीः** पालिकाले कार्यक्रम नं २।७।१३।८ प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामाग्री एवं कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान कार्यक्रममा रु ६१९१०० को बिल भरपाइ पेश गरेकोमा रु ५६११०० रकम उक्त शीर्षकबाट र बाकी नपुग रकम रु ५८००० कार्यक्रम संकेत नं २।७।१३।१३ शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको शिक्षकको शिक्षण सिकाइमा विताउने समायावधि सुधार योजना कार्यान्वयन शीर्षकबाट खर्च लेखेको पाइयो । यसरी फरक शीर्षक पारी रु ५८००० भुक्तानी गरेको देखियो । यसरी फरक शीर्षक बाट भुक्तानी भएको नियमसंगत नदेखिएको रु | ५८००० |
| ७५.५. | **विद्यालय सुधार योजनाः** शिक्षा,विज्ञान तथा प्रविधी मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा २.७.१३.१० को ५.३ मा आधारभूत तह तथा माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई विद्यालय सुधार योजना, समुदाय तथा वि.व्य.स.हरुको क्षमता विकासका लागि अन्तर्क्रिया,अभिभावक शिक्षा सञ्चालन,अतिरिक्त क्रियाकलाप संचालन आदिका लागि एकमुष्ट अनुदान कार्यक्रममा विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, २०७४ बमोजिम विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गरेका विद्यालयलाइ मात्र अनुदान उपलब्ध गराउने व्यवस्था रहेको मा पालिकाले यस शिर्षकमा रु४७०००० खर्च लेखेकोमा निर्माण तथा अभिलेख अद्यावधिक गरेको पाइएन । | |
| **७६.** | **मेशिनरी तथा यान्त्रिक औजारः** नगरपालिकामा खरिद भएका तथा हस्तान्तरण भै आएका मेशिनरी तथा यान्त्रिक औजार उद्देश्य बमोजिम संचालन गर्नुपर्दछ । नगरपालिकामा एक दमकल गत विगत वर्षमा नै हस्तान्तरण भइ आएकोमा उक्त दमकल प्रयोगमा नरहेको र १ ट्रिपर र १ ट्रयाक्टर गत विगतमा खरिद भइ संचालनमा रहेको पाइयो । उक्त मेशिनरी औजार संचालन सम्बन्धी कार्यविधी तयार गरेको पाइएन । उक्त मेशिनरी औजारबाट आम्दानी नभएको र | |

<table>
<tr><th>दफा नं</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>पालिकाको कार्यमा मर्मत, इन्धन लगायतको खर्चको अभिलेख राखेको पाइएन । नगरपालिकाले मेशिनरी औजार संचालन सम्बन्धी कार्यविधी तयार गरी संचालन कोषको अलग आय-व्ययको अभिलेख राखी लेखापरीक्षण गराउने, मर्मत ,इन्धन, इन्सुरेन्स र चालक खर्च जस्ता व्यवस्थापन खर्च तथा मेसिन प्रतिस्थापन समेत हुने गरी संचालन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७७.</td><td>धरौटीः आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ६८ मा प्रत्येक कार्यलय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा रकमको कारोवारको लेखा अनुसुची १० वमोजीमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसुची ११ वमोजीम ढाँचामा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राखुपर्ने एवं धरौटी रकमको छुट्टै बैक नगदी कितााव समेत राखी प्रत्येक वर्ष जिम्मेवारी सार्नुपर्ने उल्लेख छ । कार्यालयले धरौटी कारोवारको व्यक्तिगत धरौटी खाता र बैक नगदी कितावको अभिलेख राखेको पाइएन ।</td><td></td></tr>
<tr><td>७७.१.</td><td>धरौटी फिर्ताः सार्वजनिक खरिद नियमावलि २०६४ को नियम १२४(२) रिटेन्सन मनि (धरौटी) फिर्ता गर्दा आन्तरीक राजस्व कार्यालयबाट धरौटी गर्दा धरौटी कारोवार वर्षको कर चुक्ता प्रमाण पत्र र कर समायोजन गरेको प्रमाण पेश गरेपछि मात्र धरौटी फिर्ता गर्नुपर्दछ । कार्यालयले निम्नानुसारको धरौटी रकम फिर्ता गर्दा मु.अ.कर समायोजन तथा कर चुक्ता प्रमाण संलग्न नभएको रु..
<table>
<tr><th>गो.भौ.नं/मिती</th><th>फिर्ता पाउने</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१३/०७६।४।१२</td><td>सोवर्ण निर्माण सेवा</td><td>१६०८१४४</td><td>मु.अ.कर समायोजन पत्र नभएको</td></tr>
<tr><td>२०/०७६।८।९</td><td>डेनोन कन्सट्रक्सन एण्ड सप्लायर्स प्रालि</td><td>२०७३४४</td><td>कर चुक्ता नभएको</td></tr>
<tr><td>३३/०७६।११।१९</td><td>जिरेश्वरी काष्ठ उद्योग</td><td>१८८३८७</td><td>करचुक्ता नभएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२००३८७५</td><td></td></tr>
</table></td><td>२००३८७५</td></tr>
<tr><td>७८.</td><td>पेश्कीः नगरपालिकाले पेश गरेको वित्तीय प्रतिवेदन मलेप फा नं २७२ को अनुसुचि २३ र सो को अभिलेख अनुसार कार्यालयको कुल हालसम्मको पेश्कि बाँकी रु ११११०६०८८ देखिएको छ । उक्त बाकी पेश्कि मध्ये चालु आर्थिक वर्षको पेश्कि बाकी विवरणबाट ११११०६०८८ देखिन्छ । मिती २०७७।१०।९ बाट लागु भएको आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२ बमोजिम म्याद ननाघेको चालु आर्थिक विवरण देहाय बमोजिम फर्छ्यौट हुन बाकी पेश्कि रु १००१४००० देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>क्र.सं.</th><th>प्रकार</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की रकम</th></tr>
<tr><td>१</td><td>ठेकेदार</td><td>जे.वि. कन्सट्रक्सन</td><td>३२०००००</td></tr>
<tr><td>२</td><td>ठेकेदार</td><td>पि.एस.जी.एस.एच.भी जे.भी</td><td>६८१४०००</td></tr>
<tr><td>३</td><td>ठेकेदार</td><td>गौतमकुमार शाह</td><td>५०६६००</td></tr>
<tr><td>४</td><td>ठेकेदार</td><td>सुर्य बहादुर थापा</td><td>५८५४८८</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>११११०६०८८</td></tr>
</table></td><td></td></tr>
<tr><td>७९.</td><td>अनुगमन तथा सम्परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यस वर्ष फछ्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ । .</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>सि.नं.</th><th>आ.व.</th><th>वेरुजु दफा नं.</th><th></th><th>फछ्यौंटको आधार</th><th>सम्परीक्षण</th></tr>
</table></td><td></td></tr>
</table>

| दफा नं | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | विरुजुको संक्षिप्त व्यहोरा | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | ०७५र७६ | १९.८ | प्रमाण पेश नभएको | ० | २०१९०० ०० | ० | ० | २०१९०००० |
| २ | ०७५र७६ | ४ | पेश्कि बाकी | ० | ० | ० | ८२६५०० | ८२६५०० |
| ३ | ०७५र७६ | १९.३ | लेखापरीक्षण प्रतिवेदन पेश नभएको | | ४००००० | | ० | ४००००० |
| ४ | ०७५।०७६ | ८ | टुक्रा खरीद | ० | ० | ४५२४५४६ | ० | ४५२४५४६ |
| ५ | ०७५।०७६ | १४ | वितरणमुखि खर्च | ० | ० | २९२५०० | ० | |
| ६ | ०७५।०७६ | १८.२ | सोझै खरीद | ० | ० | १८२८६९७ | ० | |
| ७ | ०७५।०७६ | १८.३ | सोझै खरीद | ० | ० | २६९६२८५ | ० | |
| ८ | ०७५।०७६ | २४.२ | दरभाउपत्र बेगर भुक्तानी | ० | ० | १०७५७६ | ० | १०७५७६ |
| ९ | ०७४।०७५ | २२ | कार्यक्रम फरक पारी खर्त | ० | ० | ५७९००० | ० | ५७९००० |
| १० | ७४।०७५ | ३० | शिर्षक फरक पारी भुक्तानी | ० | ० | १५७५५३३.६६ | ० | १५७५५३३.६६ |
| ११ | ७४।०७५ | ३५ | शिर्षक फरक पारी भुक्तानी | ० | ० | २२३६७८८ | ० | २२३६७८८ |
| १२ | ७४।०७५ | ४५.१५ | सोझै खरीद | ० | ० | ६००००० | ० | ६००००० |
| | | जम्मा | | ० | २०५९०० ०० | १४४०९ २५।६६ | ८२६५०० | ४९८५७४२५। ६६ |

# जिरी नगरपालिकाको संचितकोषको विवरण

## २०७६।०७७

**अनुसुचि १**

प्रदेशः बागमती

**(रु हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | | आय | | | | | ब्यय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व वाडफाड | आन्तरीक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात |
| | | | १ | २ | ३ | ४ | ५ | ६ (२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११ (१+६-१०) |
| १ | जिरी नगरपालिका | दोलखा | ११६८४६ | ३१३१०२ | ५३३८६ | ५८८५ | ५८९४७ | ४३१३२० | २०९७८० | १७३३१३ | ६२८०७ | ४४५९०० | १०२२६६ |

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**अनुसुचि २**

## २०७६।७७

**(रु हजारमा)**

| सि.नं. | जिल्ला | स्थानिय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौ)ट | | | बाकी बेरुजू | | | बाकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगति | | सैदान्तिक | लगति | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | दोलखा | जिरी नगरपालिका | ९५ | २३ | ५८१८६ | ० | ४ | २८९५५ | ९५ | १९ | २९२३१ | १७८४ | १०६१९ | १६८२८ | ० | ० | २७४४७ | ० | ० | ० |

## अद्यावधिक वेरुजू स्थिति

**अनुसुचि ३**

**(रु हजारमा)**

| क स | स्थानिय तह | जिल्ला | गत बर्ष सम्मको बाँकी | यो बर्षको फछ्यौट | बाकी | यो बर्ष सम्पबाट कायम बेरुजु | यो बर्षको बेरुजु | कुल बाकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | जिरि नगरपालिका | दोलखा | ७१३७५ | ४९८५७ | २१५१८ | ० | २९२३१ | ५०७४९ |